# रातो खबर
Ratokhabar weekly
साप्ताहिक


## नेपालमा क्रान्तिको नयाँ कोर्स सुरु भइसकेको छ

रोशन जनकपुरी



अन्तरवार्ता ➔ पृष्ठ ३


वर्ष ३, अङ्क ३१, पूर्णाङ्क १२६ | २०७४ माघ ३ गते बुधबार | Wednesday, 17 Jan 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## चीन-भारतबीच पनि वाक् युद्ध



■ रातो खबर संवाददाता/

उत्तर कोरिया र अमेरिकाबीचको वाक् युद्धको विषय सन् २०१७ मा सर्वाधिक चर्चाको विषय बनेको सन्दर्भमा यता चीन र भारतबीच पनि पटक-पटक छेड हानाहान भयो । दुई ठूला एसियाली मुलुक चीन र भारतबीच सीमा विवादको विषयलाई लिएर वाक्युद्धका संकेत सार्वजनिक भए। लामो समयदेखि चल्दै आएको विवादित भूमि डोक्लामलाई चीनले फेरि पनि आफ्नो भूमि भएको दावी गरेको छ । साथै, उक्त भूमिमा कुनै पनि गतिविधि नगर्न भारतीय पक्षलाई आग्रहसमेत गरेको छ।

चीनले डोक्लामको विषयलाई लिएर कुनै पनि समयमा दुई देशबीच युद्ध हुन सक्ने भन्दै भारतलाई भड्किला गतिविधि बन्द गर्न आग्रह गरेको छ। हालै, चिनियाँ ... बाँकी पृष्ठ ७ मा

# नेकपाले देशव्यापी भण्डाफोर अभियान चलाउने

■ रातो खबर संवाददाता

प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन सकिएको दुई महिना बितिसक्दा पनि सरकार गठनको चित्रसमेत आएको छैन। निर्वाचनबाट बहुमत प्राप्त गरेको एमाले गठबन्धनको सरकारको सामान्य आँकलन गरिए पनि कांग्रेस र उसको गठबन्धनले प्रचण्डलाई सरकार बनाउन समर्थन गर्ने जनाएको छ। उता माओवादी केन्द्रका नेताहरूले क्रान्तिकारी आन्दोलनलाई दमन गर्न गृहमन्त्री मागेको चर्चा छ। सरकार बनाउन र टिकाउनका लागि बलियो शक्ति केन्द्रहरूसँग साँठगाँठ बढिरहेको सर्वत्र आँकलन गरिएको छ। विदेशी शक्तिकेन्द्रहरूलाई दाहिना बनाउन ठूल-ठूला राष्ट्रघातहरू हुने प्राकृतिक स्रोत विदेशीलाई सुम्पने तथा भयानक राष्ट्रघात हुने सम्भावना छ। नेपालमा राजनीतिक अस्थिरता भएकै समयमा भारतले नेपालका शासकलाई सत्तालालचमा पारेर नाजायज फाइदा लिँदै आइरहेको छ। यसप्रकारको राष्ट्रघात, जनघात र निरंकुशता थोपरिने देखिएको छ।



विडम्बना, त्यो कम्युनिस्ट तथा वामपन्थीको नाममा आउँदैछ। भारतको पश्चिम बंगालमा ज्योती बसुको सरकारले नक्सलवाडी आन्दोलन दमन गरेको र सोभियत संघमा ख्रुश्चेवले विश्वभरि युद्ध र आतंक थोपरेको विरासत नेपालमा कथित वामपंथी नारामा आउने देखिन्छ । नेपालका ... बाँकी पृष्ठ ७ मा

## सुमार्गी र सिरोहियाको दोहोरी उत्कर्षमा

■ अम्बिका चन्द/काठमाडौं

पहिले आपसमा दोस्ती रहेका दुई ठूला संचार गृहमा मालिकबीचको लडाइँ आजभोलि उत्कर्षमा पुगेको छ। आपसी लेनदेनमा कुरा नमिलेपछि मुक्ति श्री प्रा.लि. तथा थाहा संचार नेटवर्कमा अध्यक्ष अजेयराज सुमार्गी र कान्तिपुर संचारगृहका अध्यक्ष कैलास सिरोहियाबीचको पहिलेको दोस्ती अहिले दुश्मनीमा बदलिएको हो।

दुई ठूला संचारगृहका मालिकहरूबीचको यो झगडा आजभोलि मिडियाकरण भएपछि एक-आपसमा आ-आफ्ना मिडियाको भरपूर प्रयोग गरी आक्रमण गर्नेक्रम जारी छ। सिरोहियाले आफ्नो संचारगृहको प्रयोग गरी सुमार्गीका आर्थिक गतिविधि र सम्बन्धका बारेमा सावर्जनिक गरिदिएपछि त्यसको काउन्टर गर्दै सुमार्गीले पनि सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गरे। पत्रकार





सम्मेलनमा सुमार्गीले कान्तिपुर पब्लिकेसनका अध्यक्ष सिरोहियाले आफूलाई ब्ल्याकमेलिङ गरेको बताए। उनले सिरोहियालाई अपराधीसम्म भन्न भ्याए र आफूलाई बेचेको जग्गा सोही मूल्यमा फिर्ता नगरेकोले आफूलाई ब्ल्याकमेलिङ गरेको भन्दै उनलाई कुनै पनि हालतमा टिक्न नदिन चेतावनी पनि दिए। सुमार्गीले सिरोहियाविरुद्ध कडा अभिव्यक्ति दिँदै सिरोहियाले आफूले एउटा समाचारका लागि दुई करोड रूपैयाँ मागेको समेत खुलासा गरे। पत्रकार सम्मेलनमा उनले भने- 'केही समय पहिले सोल्टी होटेलमा सिरोहियाले मलाई रक्सी खान बोलाएर मैले ... बाँकी पृष्ठ ७ मा

## चर्चमा धमाधम डोजर

■ रातो खबर संवाददाता/काठमाडौं

चीनमा माओकालीन समयको झल्को दिने गरी अहिले धमाधम चर्चहरू भत्काउन थालिएको छ। चर्चको आवरणमा पश्चिमी देशहरूमा चीनविरोधी र अवैध गतिविधिहरू गरिएको भन्दै चर्चहरू भत्काउन थालिएको संचारमाध्यमहरूले जनाएका छन्। चर्चको माध्यमबाट पश्चिमी देशहरूले चिनियाँ संस्कृतिमाथि हमला गरिरहेकोले ती चर्चहरू भत्काउनु परेको बताइएको छ। चिनियाँ प्रहरीले विस्फोट पदार्थ प्रयोग गर्नुका साथै डोजर लगाएर अहिलेसम्म आधा दर्जनभन्दा बढी चर्चहरू भत्काएको छ। माओपछिका शक्तिशाली मानिएका राष्ट्रपति सी जिनपिङ दोश्रो कार्यकालका लागि राष्ट्रपति बनेपछि उनकै आदेशमा चर्चहरू बन्द गर्न र भत्काउन थालिएको बताइन्छ। यसअघि चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओले सांस्कृतिकक्रान्तिको समयमा धार्मिक अखडाहरू भत्काउने आदेश दिएको घटनालाई जोडेर चर्च भत्काउने कार्यलाई हेरिएको




छ। राष्ट्रपति सी जिनपिङले सांस्कृतिकक्रान्तिको झल्को दिनेगरी चीनमा ... बाँकी पृष्ठ ७ मा

## इन्जिनियरिङ कजेलको ब्रह्मलुट



■ रातो खबर संवाददाता/काठमाडौं

सामाजिक संस्थाको रूपमा सेवामूलक उद्देश्य राखी स्थापना भए पनि प्रायःजसो शिक्षण संस्थाहरूले ब्रह्मलुट मच्चाइरहेका खबरहरू बेला-बेलामा सार्वजनिक हुने गर्दछन् । त्यस्ता शिक्षणसंस्थाहरूले विद्यार्थीहरूको ढाड सेक्नेगरी विभिन्न शीर्षकमा चर्को शुल्क असुल्ने र नाफा पनि शिक्षणसंस्थाका संचालकहरूले कुम्ल्याउने गरेका थुप्रै दृष्टान्तहरू भेटिन्छन्।

यस्तै मुनाफारहित र सेवामूलक उद्देश्यका साथ सामाजीक संस्थाका रूपमा २०५१ सालमा नेपाल इन्जिनियरिङ कजेल भक्तपुरको स्थापना गरिएको थियो । तर, अहिले कजेलले सामाजिक संस्थाको आवरणमा ब्रह्मलुट गरिरहेको स्वयं कलेजका संचालकहरू स्वीकार गर्दछन् । सुरुमा जम्मा ३५ लाखभन्दा बढी रकम लगानी ... बाँकी पृष्ठ ७ मा

## प्रस्ताव अप्रिल थेसिसकै स्तरमा छ

देश/परिवेश

■ प्रकाण्ड



यो प्रस्तावलाई महान् लेनिनको अप्रिल थेसिसजस्तो लागेको छ। वैज्ञानिक आँकलन र भविष्यको बाटो देखाएको छ। संसदीय दलहरूले चुनावमा जाने बेलामा चुनावले शान्ति, समृद्धि र स्थायित्व ल्याउने नारा दिएका थिए। स्वाधीनता र समाजवाद ल्याउने दावी गरिएको थियो। प्रचण्डले १० वटा सरकारसम्म वामपन्थीले सरकार चलाउने दाबीसमेत गरेका थिए। यसले जनमामा समेत भ्रम परेको थियो। हाम्रो चुनाव खारेज अभियान सशक्त भएपछि चुनावले पराधीनता र निरंकुशता ल्याउन चुनाव भइरहेको भन्ने जनमत बढ्दै गयो। नेकपासँग जनताको शक्ति छ। विचार र राजनीति छ। यो वैकल्पिक राजनीतिक शक्ति हो भन्ने कुरा स्थापित हुँदै गयो। स्थानीय चुनावभन्दा प्रदेश र केन्द्रीय सभाको चुनाव खारेज अभियानमा जनसहभागिता र सहयोग बढ्यो। जनमत बढेको छ। देशभक्त र क्रान्तिकारी कम्युनिस्टहरू खुसी भएका छन्। वास्तविक लोकतन्त्रवादीहरू पनि खुसी भएका छन्। प्रतिक्रियावादीहरूले घटनाक्रमहरूलाई गम्भीरतापूर्वक हेरेका छन्। महान् अवसर पनि हाम्रो अगाडि छ। प्रस्तावले त्यसलाई खतरा र चुनौती भनेर सटिक ढंगले उल्लेख गरेको छ। यसबेला दलालसत्ताको अन्तर्विरोध झन् बढेको छ। संसदीय व्यवस्थाको परम्परागत प्रभावकारी शक्ति कांग्रेस पराजित भएको छ। निर्वाचनपछि राजनीतिक अस्थिरता समाप्त हुन्छ भनेका थिए, तर अझ झन् बढेको छ। निराशा, अन्यौलता र राजनीतिक संकट झनै बढेको छ। हामीले प्रतिक्रियावादी संकटलाई क्रान्तिकारी संकटमा अथवा क्रान्तिमा बदल्नुपर्छ। कांग्रेसले भन्दा एमाले गठबन्धनले जनतामा बढी भ्रम दिन सक्छ। यसले समाजवाद, समृद्धि र विकास नारा दिएको छ। प्रचण्डले त्यसो गर्न सकिएन भने संघीय लोकतन्त्र धरापमा पर्छ भनेका छन्। संघीय लोकतन्त्र खतरामा पर्छ भनेको के हो ? त्यो भनेको क्रान्ति अगाडि आउँछ भनेको हो। एमाले गठबन्धन दलालको भेषमा नभएर समाजवादको भेषमा आएको छ। प्रचण्डको समाजवाद नेहरू र वीपीको कोइरालाको समाजवाद हो । हाम्रो वैज्ञानिक समाजवाद हो । नेपालमा दलालहरूको कथित समाजवादको नारालाई हामीले सामाजिक दलाल पुँजीवाद भनेका छौं । दलाल पुँजीवाद समाजवादको रूपमा आएको छ। आत्मसर्पण गर्दा पनि साम्राज्यवादले एमाले-माकेलाई सरकार बनाउन दिएको छैन। कांग्रेसले सभामुख कांग्रेस र उपसभामुख मधेसवादी दललाई बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# राजनीतिक प्रतिक्रान्तिको नग्न रूप

देउवा-माके गठबन्धन सरकारले मुलुकमा राजनीतिक प्रतिक्रान्तिको नग्न रूप प्रस्तुत गरेको छ । नेपालमा एकात्मक सामन्ती राजतन्त्रात्मक व्यवस्था संस्थागत गर्ने, कयौं आन्तरिक राष्ट्रियता समाप्त पार्ने, सामन्ती राज्यसत्ता विस्तार गर्ने क्रममा जनताको हत्या गर्ने, दमन र अपमान गर्ने शासक पृथ्वीनारायण शाहलाई कथित राष्ट्रिय एकताका प्रतीक घोषणा गर्दै उनको जन्मजयन्ती मनाएर सरकारले मुलुकमा राजनीतिक प्रतिक्रान्तिको नग्न र भद्दा स्वरूप प्रदर्शन गरेको हो । पुस २७ मा राष्ट्रिय बिदा दिइनु, कथित गणतन्त्रात्मक तथा सङ्घीय एवम् धर्मनिरपेक्ष भनिएको मुलुकका राष्ट्रपति र प्रधानमन्त्रीले सामन्ती शासकको सालिकमा फूलमाला अर्पण गर्नु र 'गणतन्त्र' नेपालको सेनाले राजतन्त्रमा झैं उत्सव मनाएर सलामी दिनुले मुलुकमा दलाल संसदीय व्यवस्था र तिनका सञ्चालकले क्रमशः राजनीतिक प्रतिक्रान्ति लादेको अनुभूति आमूल परिवर्तनका पक्षधर जनशक्तिले गरेका छन् ।

वर्तमान दलाल संसद्वादका मतियार शासक तथा संसदीय दलहरूले आफूहरूलाई गणतन्त्र एवम् संघीयताका पक्षधर भन्न पनि छाडेका छैनन् । उनीहरूले आफूहरू लोकतन्त्रका पक्षपाती भनाउन पनि छाडेका छैनन् । तर महिनौंदेखि विनाविभागीय बनेर सरकारमा झुण्डिरहेका आफूलाई अझै कम्युनिस्ट र अझ माओवादीसमेत भन्दै आएका माकेका नेताहरूसमेत रहेको मन्त्रीपरिषद्ले राजा, हिन्दुवादी कमल थापा र बेलाबेलामा सीमित प्रजातन्त्रसमेत ज्ञानेन्द्रको पाउमा बुझाउँदै आएका देउवाको प्रस्तावमा ल्याप्चे लगाउनु, विद्रोह वा विरोधको झिनो स्वरसमेत नउठाउनु र सरकारबाहिर रहेका संसद्वादी दलहरूले पनि यस किसिमको चरम राजनीतिक प्रतिक्रान्तिकारी कदमविरुद्ध चूँसम्म नबोल्नु अझ रहस्यमय विषय छ ।

पृथ्वीनारायण शाहले सूत्रपात गरेको एकात्मक सामन्ती राजतन्त्रात्मक व्यवस्थाका विरुद्ध संघर्ष, विद्रोह र युद्ध गर्ने क्रममा दशौं हजार नेपाली योद्धाले रगत बगाएका छन् । सामन्ती राजतन्त्र र दलाल संसद्वाद ढाल्न जनयुद्ध सुरु भएको भर्खर दुई दशक बितेको छ । दलाल संसद्वादको स्थापना र राजनीतिक प्रतिक्रान्तिविरुद्ध मुलुकमा क्रान्तिको विगुल बजिरहेको छ । यस्तो अवस्थामा सत्तासीन दलाल शासकहरूले सीमित गणतन्त्र, सङ्घीयता एवम् धर्म-निरपेक्षताको धज्जी उडाउँदै र महान् सहिद तथा बेपत्ता योद्धाको त्याग, शौर्य एवम् बलिदानको अपमान गर्दै सामन्ती शासकलाई राष्ट्रिय एकताका प्रतीक मान्दै कार्यक्रमहरू गर्नु लज्जास्पद मात्र होइन, निन्दनीय खेदजनक छ । परिवर्तनका पक्षधर स्वाभिमानी जनताले यस किसिमको प्रतिक्रान्तिका विरुद्ध लड्दै वैज्ञानिक समाजवाद निर्माणको बाटोमा हिंड्नु आवश्यक छ । नेपाली जनतामा कुनै पनि वहानामा राजा, राजतन्त्र, दलालतन्त्र स्वकार्न सक्तैनन् । सबैलाई चेतना भया ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# किसान नेता एकदेव आले

किसान नेताका रूपमा स्थापित जनयोद्धा एकदेव आले मगरबारे नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको एक लेखमा चर्चा गरेका छन् । एकदेव नेपालका एक इमानदार राजनीतिकर्मी हुन् । त्याग र समर्पणका उदाहरणीय व्यक्तित्व एकदेव आले मगरको चर्चा गर्नुअघि छोटोमा मगर समुदायको चर्चा गरौं ।

जनसंख्याको हिराबले नेपालको तेस्रो ठूलो श्रेणीमा पर्ने मगर समुदाय नेपाली आदिवासी जनजातिको हकमा भने प्रथम श्रेणीमा पर्दछ । मगरहरू विशेष गरी पाल्पा, स्याङ्जा, तनहुँ, गुल्मी, प्युठान, रोल्पा, सल्यानतिर बसोबास गरेको पाइन्छ । यसबाहेक अर्घाखाँची, रूपन्देही, काठमाडौं, रामेछाप, म्याग्दी, बाग्लुङ्ग, पर्वत, डोल्पा, हुम्ला, सुर्खेत, धनकुटा, सिन्धुली, उदयपुरतिर पनि मगरहरूको बसोबास रहेको देखापर्दछ । धेर-थोर रूपमा छरिएर रहेका मगरहरूको पुख्र्यौली थलोलाई मगराँत भनिन्छ । आज मगरहरूको पुख्र्यौली भूमि गण्डक र कर्णाली क्षेत्र रहेको बताइन्छ । मगरहरूको आफ्नै भाषा छ, जुन भोट-बर्मेली भाषा-परिवारअन्तर्गत पर्दछ । आफ्नै पहिरन, संस्कृति र परम्पराले पनि मगरहरूलाई विशेष पहिचान दिलाएको छ । नेपालको इतिहासको पानाहरू पल्टाएर हेर्ने हो भने मगराँतअन्तर्गत धेरै रोचक अनि गौरवमय तथ्यहरू भेट्न सकिन्छ । मगरहरू यो देशका शासकवर्ग पनि हुन् तर समयको कालखण्डसँगै मगरहरूको अस्तित्व हाल आएर उत्पीडितवर्गमा परिणत हुन पुगेको छ ।

मगर समुदायको छोटो सन्दर्भपछि एकदेव आलेको चर्चा गर्नु उपयुक्त हुन्छ । एकदेव आले मगरको जन्म साधारण कृषक परिवारमा १९८० सालमा तनहुँ जिल्लाको सदरमुकाम दमौली बजारको मादी नदी पारिपट्टीको मान्हुंग डाँडा, अर्चलथोकमा भएको थियो । उनी १४ वर्षको उमेरमा नै भारतीय सेनामा भर्ती भएका थिए । तर, अंग्रेजविरुद्ध सुभाषचन्द्र बोसले भारत स्वतन्त्रताका निम्ति गठन गरेका आजाद हिन्दफौजको कार्यक्रमबाट प्रभावित भई उनी सन् १९४१ मा आजाद हिन्द फौजमा सामेल भए । सन् १९४७ मा भारत स्वतन्त्र भयो । भारतमा अंग्रेजहरू पराजित भए । त्यसपछि उनी नेपाल फर्केर आए । त्यसबेला नेपालमा पनि राणा विरोधी आन्दोलन तीब्र गतिमा अघि बढिरहेको थियो । त्यसपछि उनी राणाविरुद्ध गठन गरिएको रक्षादलमा सामेल भए । २००७ सालमा वीरगञ्ज र बन्दीपुर सदरमुकाम कब्जा गर्दा ती दुबै अभियानहरूमा आलेले नै नेतृत्व गरेका थिए ।



**उनले नेपालका किसानका हक-अधिकारको सम्बन्धमा अत्यन्त सशक्त आन्दोलनको नेतृत्व गरेका थिए । गण्डकी क्षेत्रका किसानहरूको हकहितका सवालमा अत्यन्त प्रभावशाली आन्दोलन चलाइरहेको अवस्थामा २०१७ साल पुस १ गते पञ्चायत व्यवस्था लादिएपछि उनी भूमिगत भए तर भूमिगत रहेकै अवस्थामा पक्राउ परे । उनलाई पाल्पा र स्याङ्जाका जेलहरू सार्दै-सार्दै राखिएको थियो । २०१८ सालको माघ महिनामा अन्य सयौं बन्दीहरूसहित जेल फोडेर रातारात कपिलवस्तुको गोरुसिंगेको जंगल हुँदै उनी भारत पुगे ।**

उनी कम्युनिस्ट विचारबाट प्रभावित थिए । जसका कारण उनको व्यक्तित्व दर्विलो नेताका रूपमा चित्रित भएको पाइन्छ । नेपालको कम्युनिस्ट आन्दोलनका संस्थापक पुष्पलालले पनि उनको अत्यन्त उच्च मूल्यांकन गरेका छन् ।

एकदेव आले किसान क्रान्तिकारी नेता थिए । राणा शासनको अन्त्य गर्न सुरु भएको २००७ सालको सशस्त्र आन्दोलनलाई सहयोग पुऱ्याउन आलेले आफ्नै पहलमा मुक्तिसेना गठन गरेर भिडेका थिए । मुक्तिसेनाका कतिपय योद्धाहरूले दिल्ली सम्झौताको विरोध गरेर सम्झौतापछि पनि हतियार नबिसाएकोले उनीहरूलाई पक्राउ गरी थुनामा राखिएको थियो । जेलमा थुनिएपछि त्यहाँ कम्युनिस्टहरूको सम्पर्क र विश्व कम्युनिस्ट आन्दोलनका रचनाहरूको अध्ययनबाट प्रभावित भएर आले नेपाली कम्युनिस्ट आन्दोलनमा लागे र आजीवन निष्ठा र सक्रियताका साथ क्रियाशील रहे ।

उनले नेपालका किसानका हक-अधिकारको सम्बन्धमा अत्यन्त सशक्त आन्दोलनको नेतृत्व गरेका थिए । गण्डकी क्षेत्रका किसानहरूको हकहितका सवालमा अत्यन्त प्रभावशाली आन्दोलन चलाइरहेको अवस्थामा २०१७ साल पुस १ गते पञ्चायत व्यवस्था लादिएपछि उनी भूमिगत भए तर भूमिगत रहेकै अवस्थामा पक्राउ परे । उनलाई पाल्पा र स्याङ्जाका जेलहरू सार्दै-सार्दै राखिएको थियो । २०१८ सालको माघ महिनामा अन्य सयौं बन्दीहरूसहित जेल फोडेर रातारात कपिलवस्तुको गोरुसिंगेको जंगल हुँदै उनी भारत पुगे । भारत पुगेपछि उनी नेपाल कम्युनिस्ट पार्टीको काममा लागे र २०१९ साल वैशाख ४-१० गतेसम्म बनारसमा भएको तेश्रो महाधिवेशनले उनलाई पनि पार्टीको केन्द्रीय सदस्यमा निर्वाचित गऱ्यो ।

त्यसपछि पश्चिम नेपालको इन्चार्ज भई भारतमा नै भूमिगत रूपमा काम गर्दागर्दै २०२५ साल माघ १२ गते पेटको क्यान्सरको दरभंगा लहरियाशरण मेडिकल कलेजमा उपचार हुँदाहुँदै उनको निधन भयो । उनले आफ्नो उपचारमा संलग्न डा. भीएन सिंहलाई भनेका थिए, "डा. साहेब मलाई अस्पतालमा मर्नु नपरोस्, म आफ्नै देशको माटोमा लड्दै मर्न चाहन्छु ।"

('संक्षिप्त मगर इतिहास' मा आधारित)

# भारतद्वारा वीरगंज महानगरपालिकाअन्तर्गत छपकैयामा सीमा अतिक्रमण जारी

■ **सुदर्शनराज पाण्डे**/वीरगंज

वीरगंज महानगरपालिका १, छपकैयामा छिमेकी राष्ट्र भारतले सीमा अतिक्रमण जारी राखेकोले स्थानीय जनता विरोधमा उत्रिएका छन् । सो क्षेत्रमा सीमा सुरक्षाका लागि नेपाल र भारत दुबै तर्फका प्रहरी तैनाथ छन् ।

गत पुस ३० गते स्थानीय जनताले भारतद्वारा सीमा अतिक्रमण गरिरहेको सूचना नेपाल कम्युनिस्ट पार्टी पर्सालाई दिएलगत्तै इन्चार्ज आर्जनले स्थलगत निरीक्षण गरी स्थानीय जनता, प्रहरीसँग अन्तर्क्रियापछि एक प्रेस विज्ञप्ति जारी गरेर तत्काल सीमा अतिक्रमण रोक्न सम्बन्धित निकायलाई आग्रह गर्नुभएको छ ।

सो प्रेस विज्ञप्तिमा भनिएको छ- वीरगंज महानगरपालिका १, छपकैयामा साविकको नेपाल-भारत सीमाभन्दा करिब ५०० मिटर नेपालतिर नयाँ सीमास्तम्भ गाड्न खाल्डो खनिरहेको अवस्था छ । पिलर नं. ३९१-२६, २७, २८, ३९२- ६,७,८ लगायत ३० स्थानमा सीमा नेपाली भूभागमा सार्न लागिएको छ । स्थानीय नेपाली नागरिक रवीन्द्र महतोको नाममा लालपूर्जा रहेको कि.नं. १४ मा सीमा स्तम्भ नं. ३९२- २२, २६, २७, ६,७,८ गाड्न खाल्डो खनिएको छ । स्थानीयले खेलमैदानका रूपमा प्रयोग गर्दै आइरहेको चौर पनि अब अतिक्रमण भएको छ । हाल भारतले अतिक्रमण गरेको स्थानमा दशगजा र स्मसानघाट पनि रहेको छ । स्थानीय जनताको मागअनुसार खाल्डो खन्ने कार्य तुरुन्त रोक्न लगाई आफ्नो सीमा रक्षा गर्न नेकपा पर्सा ध्यानाकर्षण गराइन्छ भनिएको छ ।

सो विज्ञप्तिमा अन्यथा यस्तो गम्भीर र संवेदनशील विषयमाथि बेवास्ता गरिएमा सीमा रक्षाका लागि सिमानाको स्थानीय जनतासँग सहकार्य गर्दै हाम्रो पार्टीले संघर्ष गर्ने र त्यसबाट उत्पन्न परिस्थितिको सामना गर्न सम्बन्धित पक्षलाई तयार रहनसमेत जानकारी गराउँछौं, भनिएको छ । सो प्रेस विज्ञप्ति वीरगंजस्थित भारतीय महावाणिज्य दुतावास, जिल्ला प्रशासन कार्यालय पर्सा, स्थानीय समाचार पत्र र एफएमहरूमा बुझाइएको छ । वीरगंज भारतीय वाणिज्य दुतावास खडा भएदेखि नेपालको राजनीतिमा भारतीय प्रभाव र बारा, पर्साको नेपाली सीमा अतिक्रमण गर्ने कार्य वृद्धि भएको छ ।

जारी प्रेस विज्ञप्तिमा सन् १८१६ को सुगौली सन्धिबाट नेपालले गुमाएको सम्पूर्ण भूभाग फिर्ता हुनुपर्ने, सन् १९५० को असमान सन्धि खारेज हुनुपर्ने माग निरन्तररूपमा भइरहेको र सन् १९५० को नेपाल-भारत बीचको असमान सन्धिको पुनरावलोकन गर्न द्विपक्षीय छलफल भइरहेको अवस्थामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको भारतद्वारा नेपाली सीमा मिच्नु नेपाली जनता र नेपाल देशको स्वाभिमानमाथि चुनौती हो । भारतले बारम्बार नेपालप्रति आफ्नो हेपाहा प्रवृत्ति कायम राखेकोले त्यसका विरुद्ध स्वाधीनता रक्षाको लडाइँ नेपाली जनताले लड्नुपर्ने आजको महत्वपूर्ण आवश्यकता हो । अहिले चलिरहेको नेपाल-भारत संयुक्त सीमा सर्वे नेपालीको चाहनाअनुरूप रोकिनुपर्दछ ।

### छिटो छरितो, सर्वसुलभ न्यायको वकिलद्वारा धज्जी उडाइयो

वीरगंज/पर्सा जिल्लामा कालोकोट लगाउने कानुन व्यवसायीहरूद्वारा न्यायाधीश आतंकित हुने अवस्था छ ।

नेपाल बार एसोसियसन पर्सा र अस्थायी उच्च अदालत वीरगंज बार एकाइका केही सदस्य कानुन व्यवसायीहरूले छिटो, छरितो, सर्वसुलभ न्यायको मान्यता विपरीत कार्य गरी न्यायाधीशहरूलाई नै आतंकित पार्ने कार्य गरी रहेका छन् । अदालतको बारेमा सत्यतथ्य समाचार सम्प्रेषण गर्दा पनि मान हानी मुद्दा खेप्नुपर्ने डरले पर्साका पत्रकारहरूका लागि अदालतमा हुने काम कारबाहीको समाचार संकलनमा अभिरुची पाइँदैन । फैसलालाई प्रभावित पार्न अधिवक्ता सुधिरलाल कर्ण र देवेन्द्र सिंहलगायत कानुन व्यवसायी सक्रिय भएको सूत्रले जनाएको छ ।

... बाँकी पृष्ठ ७ मा

# नेपालमा क्रान्तिको नयाँ कोर्स सुरु भइसकेको छ

**रोशन जनकपुरी**



तस्बिर : भीम चापागाईं

(जनयुद्धकालीन माओवादी नेता रोशन जनकपुरी यतिबेला कुनै पनि माओवादी धारमा हुनुहुन्न । नेपालमा क्रान्ति कुनै पनि हालतमा सम्पन्न गर्नुपर्छ, त्यसका लागि क्रान्तिकारी ध्रुवीकरण पहिलो शर्त हो भन्ने विचार राख्नुहुने **रोशन जनकपुरी**सँग रातोखबर साप्ताहिकका झनक श्रेष्ठ र भीम चापागाईंले गर्नुभएको समसामयिक विषयका कुराकानीको सम्पादित अंश)

➲ ***समकालीन नेपाली राजनीतिलाई कसरी हेरिरहनुभएको छ ?***

हामी एउटा चरण पार गरेर अर्को नयाँ चरणमा गइराखेका छौँ । नेपाली समाजमा थुप्रै प्रश्नहरू समाधान हुन बाँकी छन् । नयाँ सम्भावना जन्मेका छन् । नेपाली राजनीतिमा पुरानोलाई टेकेर नयाँ चीज जन्मिरहेको मैले महसुस गरेको छु ।

➲ ***एमाले र माकेका बीचमा एकताको होहल्ला भइरहेको सन्दर्भमा यसले नेपाली कम्युनिस्ट आन्दोलनमा कस्तो प्रभाव पार्ने देख्नुहुन्छ ?***

नयाँ विश्व परिदृश्य हेर्ने हो भने पनि नयाँ यसप्रकारका वाम गठबन्धन कुनै नयाँ कुरा होइनन् । नेपालमा भइरहेको वाम गठबन्धन आफैँमा एउटा लचिलो राजनीतिक चित्र हो । लेनिनले यस प्रवृत्तिलाई विचारधारात्मक रूपमा बालरोग/लफ्फाजी भन्नुहुन्थ्यो । नेपालमा यस्तो प्रवृत्तिको उपस्थिति रहिआएको छ; जसले आफूलाई कम्युनिस्ट वा मार्क्सवादी भन्न पनि छुटाउँदैनन् । वास्तवमा ऊ मार्क्सवादी हुँदैन । यो प्रवृत्ति दक्षिणपन्थी अवसरवाद नै हो । यो कम्युनिस्ट आन्दोलनको पतनोन्मुखको स्थितिमा पुगेको अवस्था पनि हो । यसले नेपाली कम्युनिस्ट आन्दोलनमा केही भ्रम सिर्जना त गर्छन् नै, तर एउटा यसले के काम गरेको छ भने लामो समयदेखि रहेको 'यिनीहरू पनि कम्युनिस्ट नै हुन् कि' भन्ने भ्रमलाई चिरेको छ । अवश्य पनि नेपालमा यसले  क्रान्तिकारीहरूलाई बाटो खुल्ला गरिदिएको छ ।

➲ ***नेपालको माओवादी आन्दोलनमा प्रचण्ड–बाबुरामहरूको पछिहटाइको खास कारण के होला ?***

बाबुरामजीको हटाइ कुनै नयाँ चीज होइन । उनको यो प्रवृत्ति युद्धकालमै देखिएको हो । युद्धकालमा पनि विचारधारात्मक संघर्ष भइरहेको थियो । त्यतिबेला जनवादी गणतन्त्र वा नयाँ जनवादी राज्यव्यवस्था, लोकतान्त्रिक गणतन्त्रबीचको संघर्ष थियो । त्यो संघर्षमा नै उनी स्पष्ट भइसकेका थिए । अहिले आएर उनलाई लागेको छ, मार्क्सवादभित्र मेरो भूमिका छैन भन्ने लागेर उनले त्यहीखालको जमात खडा गरेका छन् । कम्युनिस्ट पार्टीभित्र एउटा भ्रम स्पष्ट भएको छ । अब उनी मार्क्सवादी नै रहेनन् । मार्क्सवादी चिन्तनको हिसाबले अब उनी बहसको केन्द्र पनि हुन सक्तैन । उनको बारेमा धेरै बहस गर्न विल्कुल आवश्यकता छैन । जसले नेपाली क्रान्तिलाई, नेपाली समाजको आमूल परिवर्तनका लागि, नयाँ संघर्षका कसीहरू खोजिरहेका छन्, उनीहरूका लागि बाबुरामको बहसको जरुरी छैन ।

साथै, प्रचण्ड सामान्यतया अहिलेसम्म आफूलाई मार्क्सवादी भनिरहेका छन् तर उनले पनि मार्क्सवादकै गला रेटिरहेका छन् । त्यसकारण उनीबारे बहस गर्न सकिन्छ । परिणामतः त्यही हो उनको पनि जाने थलो बाबुरामकै ठाउँमा हो । विश्व इतिहासमा के देखिरहेका छौँ कि पतन भएका थुप्रै कम्युनिस्टहरूले पनि ब्यानर कम्युनिस्टकै झुन्ड्याएर बसिरहेका छन् । उनीहरू कानुनी मार्क्सवादी भएर बस्न सक्छन् । क्रान्तिकारीहरूले तिनको भ्रम चिर्नलाई आफ्नो शक्तिको प्रयोग गर्नैपर्छ । यसलाई वैचारिक शक्तिले परास्त गर्नुपर्दछ ।

➲ ***नेपालको परिवर्तनकारी शक्ति तराई–मधेस क्षेत्रमा त्यति प्रभावकारी उपस्थिति नदेखिनुको कारण के होला ?***

आमूल परिवर्तनकारी शक्ति तराई-मधेसमा पहिलेदखि नै अलि कमजोर नै थियो । यद्यपि जनयुद्धले ग्रामीण क्षेत्रहरूमा आफ्नो आधारक्षेत्र निर्माण गरेको थियो । यद्यपि तराई-मधेसका सहरी क्षेत्रहरूमा क्रान्तिकारीहरूले आधार बनाउन सकेनन् । सहरी क्षेत्रमा रहेको परम्परागत 'मूलधार' लाई हिट गर्न सकेन । उसले तराई-मधेसका सहरी क्षेत्रहरूमा आधार बनाउन सकेन । समग्र नेपालकै स्थिति हेर्दा ग्रामीण क्षेत्रका जनयुद्धले एउटा प्रभाव त जमायो तर सहरी क्षेत्रमा प्रभाव जमाउन सकेन । क्रान्तिकारी शक्ति धेरै कमजोर अवस्थामा अहिले तराई रहेको  छ । त्यहाँ सबभन्दा ठूलो समस्या भनेको विचारधारात्मक समस्या हो । माओवादीहरूले युद्धकाल र पछि पनि तराई-मधेसमा स्वायत्तता, आत्मनिर्णय र क्षेत्रीय हितका कुरा उठाएका थिए । यसलाई माओवादी आन्दोलनभित्र समेट्ने कोसिस गरेका थिए । वर्गसंघर्षसँग संघीय, जातीय एजेन्डालाई समायोजन गर्ने काम भइरहेको थियो, पछि माओवादीहरूकै अनभिज्ञता र अनुभवविहीनताका कारण आफ्नो एजेन्डा फुत्कियो । तराई-मधेसका पारम्परिक राजनीतिक संसदीय शक्तिहरूले ती एजेन्डाहरू पक्रे, क्यास गरे । माओवादीले समग्र आन्दोलनमा समेट्न खोजिरहेको एजेन्डालाई अन्ततः संकीर्ण जातियतामा परिणत गरियो । त्यो आन्दोलन जसरी वर्गसंघर्षमा जानुपर्दथ्यो, गएन ।  माओवादीले तराई-मधेसका  उत्पीडितवर्गको प्रश्न उठाइरहेका थिए, तर मधेसवादीहरूले त्यो वर्गीयविचारलाई अमूर्त बनाए र तराई-मधेसको नाममा कटुता सिर्जना गरे । तराई-मधेसको नाममा 'मधेसवाद' जन्माइयो । 'मधेसवाद' आफैँमा अमूर्त शब्दावली हो । यो शब्दावली प्रयोग गरेर अभिजातीय वर्ग अर्थात् पुरानै शासकवर्गको हातमा सत्ता पुऱ्याउने खेल गर्न थालियो । माओवादीहरूले समग्रमा हार्दिक सम्बन्ध बढाउने कोसिस गरिरहेका थिए; वर्गस्वार्थको आधारमा भावनाहरूको विकास गरेर एउटा केन्द्रीय शासनमा एकीकृत रूपमा लैजाने कोसिस गरिरहेका थिए । तर त्यसको ठीक उल्टो भयो । आखिर केन्द्रीय शासनले जुन चाहेको थियो, सबैलाई फुटाऊ र शासन गर, मधेसवादी राजनीति गर्नेहरूले त्यही गरे । तिनले संकीर्ण राष्ट्रवादलाई प्रश्रय दिए । तसर्थ, तराईको सन्दर्भमा भन्नुपर्दा केन्द्र र क्षेत्रमा तालमेल नमिल्नुको कारण राष्ट्रियताको विषयमा खोक्रो नारा बन्नु हो । सीमा क्षेत्रहरूमा पिलर सार्ने मात्र समस्या होइन, किसानको जग्गा नै हडप्ने गरी सीमा अतिक्रमण भएको छ । भारतीय ज्यादतीले पराकाष्ठा नाघेको छ ।

नेपालका क्रान्तिकारी विचारहरू छरिएका छन् । यहाँ कोही ठाउँको लिएर हिँड्दैछ, कोही खुट्टा लिएर हिँड्दैछ, कोही पाखुरा लिएर हिँडिरहेको छ । क्रान्तिकारीहरूको जुन महामानव छ, त्यो पूरै टुक्रा-टुक्राको स्थितिमा छ । त्यसलाई हामीले जोड्नुपर्छ । विचारधारात्मक बहस चलाउँदै र केही साझा काम गर्दै क्रान्तिकारी ध्रुवीकरणलाई तीब्रता दिनुपर्दछ । विमर्शका अनेकौं विषय छन् । जनयुद्धकालले एउटा परिस्थिति जन्माएको थियो, त्यसले सकारात्मक परिणाम पनि दिएकै हो । सबैले साझा चीजहरू खोजिरहेका थिए, साझाहरू एक हुँदै पनि थिए, साथै फरकहरू विमर्शहरूमा रहिरहेका थिए । लामो समय विमर्श बढ्यो तर सँगसँगै क्रान्तिकारी साझा कामहरू पनि अगाडि बढ्यो । एउटा हार्दिकता जन्माउने र नयाँ ठाउँमा पुऱ्यायो र विचार पनि एक भएर आयो र त्यसले एउटा क्रान्ति जन्माइदियो ।

➲ ***नेपालको राष्ट्रिय स्वाधीनता अहिले सबैभन्दा संकटमा छ । भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवादले असाध्यै घेराबन्दी गरिरहेको यतिबेलामा राष्ट्रिय स्वाधीनताको लडाइँ व्यवस्थित तरिकाले उठ्न नसक्नुमा खास कारण के देख्नुहुन्छ ?***

समाजभित्र भइरहेको परिवर्तनहरूलाई ठीकसँग बुझ्न नसक्नु, राष्ट्रिय राजनीति र अन्तर्राष्ट्रिय राजनीतिमा भइरहेका परिवर्तनहरू र तिनका बीचमा तालमेलका साथै, अन्तर्विरोध ठीकसँग बुझ्न नसक्नु नै यसको मुख्य कारण हो । कम्युनिस्ट आन्दोलनमा यान्त्रिकता छ । कम्युनिस्ट आन्दोलनमा समाजको विकास गतिलाई ख्याल गर्नुपर्दछ । समाजमा उस्तै-उस्तै देखिने तर केही फरक र नयाँ हुने परिस्थितिको हामीले मिहीन ढंगले अध्ययन गर्नुपर्दछ । हिजोको अवस्थामा मान्छे एउटै वर्गमा जन्मन्थ्यो, हुर्कन्थ्यो र मर्थ्यो तर अहिले त्यो अवस्था छैन । एउटै मान्छे एक वर्षभित्रमा तीनवटा वर्गमा रूपान्तरित भएर आएको हुन्छ । कहिले ऊ साना किसान हुन्छ, कहिले मजदुर भइरहेको हुन्छ, कहिले सहरमा गएर रिक्सा चलाउँदै सहरिया मजदुरमा परिणत भएको हुन्छ, कहिले ऊ मझौला किसान हुन्छ । वर्गस्वार्थमा नयाँ किसिमका अन्तर्विरोध पैदा भइरहेका हुन्छन् । नयाँ-नयाँ कडीहरू जन्माइरहेका हुन्छन् । यी कडीहरूलाई हामीले पक्रन सक्नुपर्दछ । यतिबेला विश्व राजनीति एउटा सेटमा बगिरहेको छ । जब प्रतिक्रियावादी शासकवर्ग अमेरिकाले जे सोंच्छ, त्यही काम गर्छ । नेपालमा बसेर राष्ट्रिय स्वाधीनताका किताब पढिरहेका बुद्धिजीवीहरू यथार्थमा अमेरीकन पुँजीपतिको स्वार्थप्रेरित हतियार भइरहेका हुन्छन् । मानौँ संसार एउटा देश हो । अमेरिका एउटा राजधानी हो, ब्रिटेनहरू, रसियाहरू, चीनहरू, भारतहरू अमेरिकाका क्षेत्रहरू हुन् र नेपालजस्ता देश जिल्लाहरू भएजस्तो राष्ट्रपति अमेरिकाको ट्रम्पजस्तो अनि नेपालको प्रधानमन्त्री एउटा सीडीओ भएजस्तो सेटमा संसार चलिरहेजस्तो छ । क्रान्तिकारीहरूका लागि स्वाधीनताको प्रश्न व्यापक बहसको विषय हो । नेपाली संसदीय राजनीति फासिवादी चरित्र हावी हुँदै गइरहेको यतिबेला क्रान्तिकारी शक्तिको चौतर्फी भूमिका बढेर गएको छ ।

➲ ***संसद्वादीहरू ध्रुवीकृत हुँदै गएको यतिबेला क्रान्तिकारी ध्रुवीकरणको आवश्यकतालाई कसरी हेर्नुहुन्छ ?***

समकालीन नेपाली राजनीतिमा क्रान्तिकारी विरासत वैद्यजी र विप्लव कमरेडहरूले बोकिरहनुभएको छ । माओ दिवसका सन्दर्भमा प्रेषित संयुक्त विज्ञप्तिलाई सकारात्मक मान्नुपर्छ । क्रान्तिकारीहरू ध्रुवीकृत हुनु आवश्यक छ, एउटा क्रान्तिकारी केन्द्र हुनु आवश्यक छ र हुनु पनि पर्छ । नेपालका क्रान्तिकारी विचारहरू छरिएका छन् । यहाँ कोही ठाउँको लिएर हिँड्दैछ,  कोही खुट्टा लिएर हिँड्दैछ, कोही पाखुरा लिएर हिँडिरहेको छ । क्रान्तिकारीहरूको जुन महामानव छ, त्यो पूरै टुक्रा-टुक्राको स्थितिमा छ । त्यसलाई हामीले जोड्नुपर्छ । विचारधारात्मक बहस चलाउँदै र केही साझा काम गर्दै क्रान्तिकारी ध्रुवीकरणलाई तीब्रता दिनुपर्दछ । विमर्शका अनेकौं विषय छन् । जनयुद्धकालले एउटा परिस्थिति जन्माएको थियो, त्यसले सकारात्मक परिणाम पनि दिएकै हो । सबैले साझा चीजहरू खोजिरहेका थिए, साझाहरू एक हुँदै पनि थिए, साथै फरकहरू विमर्शहरूमा रहिरहेका थिए । लामो समय विमर्श बढ्यो तर सँगसँगै क्रान्तिकारी साझा कामहरू पनि अगाडि बढ्यो । एउटा हार्दिकता जन्माउने र नयाँ ठाउँमा पुऱ्यायो र विचार पनि एक भएर आयो र त्यसले एउटा क्रान्ति जन्माइदियो । २०४८ देखि २०५१ सम्म त्यही त भएको हो नि । वैद्यजीहरूमा सांगठनिक यान्त्रिक छ, विप्लवजीहरूमा पनि केही सीमा रहेका हुन सक्छन् । नेपालमा सबै कुरा मिलाउँदै सर्वहारा कम्युनिस्ट आन्दोलन हाँक्नुको विकल्प छैन । अहिले नेपालमा माओवादी आन्दोलनले एउटा चरण पार गरेको छ । बहसका आधारमा साझा मुद्दाबाट ध्रुवीकरणको प्रक्रियाबाट जानुको विकल्प छैन । हामीले एउटा नयाँ चरण सुरु गर्नुपर्दछ । आशावादी छु, नेपाली कम्युनिस्ट आन्दोलनभित्र एउटा नयाँ स्थिति जन्मन सक्छ । त्यो वैद्यबाट पनि हुन सक्छ, त्यो विप्लवबाट पनि हुन सक्छ । त्यो पहाडबाट पनि आउन सक्छ । त्यो तराईबाट पनि आउन सक्छ । त्यो यसले नयाँ शिरातर्फ जन्माइदिने स्थिति छ ।

➲ ***नेपाली क्रान्तिको पूर्णताका लागि क्रान्तिकारी शक्तिहरूले आफूलाई कुन कुन भूमिकामा उभ्याउनुपर्छ ?***

घर ढलिरहेको बेला, छानाहरू ढलिरहेको बेला मान्छेहरू कि त भाग्छन् या हात लगाएर छत थाम्ने कोसिस गर्छन् । क्रान्तिकारी शक्तिहरू अहिले पाइलामुनिको जमीन बचाउन लागिरहेका छन् । यो अवस्थामा सबैले सोच्नुपर्दछ । क्रान्तिकारीवृत्तमा एउटा हार्दिकतामा जन्माउनुपर्दछ । एउटा च्यालेन्ज अवश्य छ । क्रान्तिकारी जागृति जो बचाइरहेको छ, त्यसलाई अगाडि बढाउनुपर्ने आवश्यकता छ । नयाँ कोर्स सुरु हुनेवाला छ । हामीहरू आफ्नो भूमिका गर्नुपर्छ ।

वर्ष ३, अङ्क ३१, पूर्णाङ्क १२६
रातो खबर साप्ताहिक

# श्रमजीवी मजदुरको अवस्था र ट्रेड युनियन आन्दोलन

आमूल परिवर्तन र वर्गीय मुक्तिको लागि संसारभरिका श्रमजीवी मजदुरहरूले कम्युनिस्ट पार्टीको झन्डामुनि गोलबन्द हुँदै ठूला-ठूला आन्दोलन, विद्रोह, क्रान्तिमा सामेल भए। क्रान्तिकारी मजदुरवर्गको तागतले प्रतिक्रियावादीको तमाम षड्यन्त्रलाई चकनाचुर पार्दै पुँजीवादी सत्ताको तखता पल्टाइदिए। विश्वको धेरै देशहरूमा जनवाद तथा समाजवादी सत्ता स्थापनाको लागि श्रमजीवी मजदुरहरूको ऐतिहासिक भूमिका रहेको छ। मार्क्स-एङ्गेल्सको जीवनकालमै सन् १८७१ मा पेरिस कम्युनको स्थापना होस् वा लेनिनको नेतृत्वमा सन् १९१७ मा रुसमा भएको अक्टोबर समाजवादी क्रान्तिमा आफ्नो अतुलनीय त्याग, समर्पण, धैर्यता र वीरताको इतिहास रच्न सर्वहारा श्रमजीवी मजदुरवर्ग सफल भए। जसको फलस्वरूप त्यस देशका तत्कालीन शासकहरूको निदहराम भयो । सत्तास्वार्थ र स्वर्ग खरानीमा परिणत भयो। रुसको समाजवादी क्रान्तिको प्रभावबाट चीनमा पनि सामन्तवाद र साम्राज्यवाद विरोधी आन्दोलनहरू हुन थाल्यो। चीनमा सन् १९१९ मा मजदुरहरूले पहिलोपटक वर्गसंघर्षमा होमिए । तत्पश्चात् १९२१ मा चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना भयो। दक्षिणपन्थी अवसरवाद, सुधारवाद, संशोधनवाद, साम्राज्यवादी उपनिवेशिक देशीय प्रतिक्रियावादको विरुद्ध सैद्धान्तिक, राजनीतिक, वैचारिक रूपमा भीषण संघर्ष गर्दै माओको कुशल नेतृत्वमा ग्रामीण निम्न किसान सर्वहारा मजदुर उत्पीडित जनताले राष्ट्रवादी, देशभक्त परिवर्तनकामी जनताका साथ, सहयोगबाट सन् १९४९ मा चीन जनवादी गणतन्त्र राज्य स्थापना भयो।

त्यसपछि धेरै देशहरूमा क्रान्तिका लहरहरू एकपछि अर्को पैदा हुँदै गयो । कम्युनिस्ट पार्टीको क्रान्तिकारी पहलकदमी एजेन्डा नीति, कार्यक्रम र संघर्षबाट पुँजीवादीहरू आतंकित हुन पुग्यो । उनीहरूले कम्युनिस्ट पार्टीलाई तहस-नहस पार्ने, फुट पैदा गराउने, समितिमा घुसपैठ गराउने, आन्तरिक गोपनीयता चुहावट गराउने गद्दारहरू जन्माउने आन्तरिक तथा बाह्य हस्तक्षेप बढाउने टुटफुट विभाजनबाट क्रान्तिकारीलाई सिध्याउनेसम्म षड्यन्त्रहरू गरिरहे । क्रान्तिकारी विचारलाई निस्तेज पार्न संशोधनवादलाई हावी गराउने मजदुर आन्दोलनको एकतामाथि घातक प्रहार गर्ने खालका घृणित व्यवहार पुँजीवादी शासकवर्गले गर्दै आए । विभिन्न षड्यन्त्र, आतंक, दमनका बीचबाट मानिसमाथि हुने शोषण, अन्याय-अत्याचारको विरुद्ध श्रमजीवी मजदुरवर्गको संघर्ष अहिलेको शताब्दीमा पनि उत्तिकै घनीभूत ऊर्जाशील गतिबाट अगाडि बढिरहेको छ चाहे पुँजीवादी विकास भएको शक्तिसम्पन्न राष्ट्रमा होस् वा विपन्न गरिबी मुलुकमा होस्, पुँजीवादी व्यवस्थाको चरम उत्पीडनमा परेको श्रमजीवी जनताले श्रम शोषणको विविध चरित्रलाई उदाङ्गो मात्र पारेको छैन । तिनका घाँटीमा वैज्ञानिक समाजवादको रुद्रीघण्टी झुण्ड्याइदिएको छ। पुँजीवादको विकल्प समाजवादले मात्र दिन सक्छ भन्ने यथार्थलाई झन् बढी उजागर गरिदिएको छ। यसैक्रममा विभिन्न अन्तर्राष्ट्रिय घटना परिघटनाले राजनीति चेतनालाई झन् फराकिलो र परिमार्जित गरेको महसुस गर्न सकिन्छ । नेपाल पनि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन गहिरो प्रभाव पऱ्यो। सन १९४९ मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो । पार्टीको पहिलो महाधिवेशनमा सन् १९५१ मा जनवादी क्रान्तिको लाइन पास गरेको थियो । क्रान्तिकारी लाइनले गति नलिँदै नेपालमा पनि संशोधनवादीहरूले जरा गाड्दै लग्यो । दोस्रो र तेस्रो महाधिवेशनमा संशोधनवादीको बर्चस्व रहयो। पार्टी गुट-उपगुटमा विभाजन हुन पुग्यो। त्यसले छिटै दक्षिणपन्थी दिशा समात्यो । त्यो धार अहिले एमालेको नाममा संचालित छ। विचार, दर्शन, राजनीति, संगठनमा संशोधनवाद सुधारवाद हावी भएपछि आधारभूत मजदुरवर्गले मुक्ति पाउनुको साटो पुँजीवादी दासत्व स्वीकार्न बाध्य बनायो। मालिक र मजदुरको अन्तर्विरोध झन् चुलिँदै गयो । विश्व साम्राज्यवादको पैतालामुनि मजदुर संगठनको छहारी खोज्न संशोधनवादी ट्रेड युनियन लागिपरे। फलस्वरूप अन्तर्राष्ट्रिय श्रम संगठन 'आईएलओ' अर्थात् पुँजीवादी जगमा खडा गरिएका क्रान्ति र परिवर्तन विरोधी संगठनसँग हातेमालो गरी मजदुरवर्गको क्रान्तिकारी चेतनालाई निस्तेज पार्न दिगभ्रमित पार्न क्रियाशील रहे, अहिले पनि यी तत्व षड्यन्त्रको तानाबुनामा तल्लीन छन्। संसदीय बहुदलीय प्रजातन्त्र असली रूपमा जनताको प्रजातन्त्र होइन । यसले उत्पीडित वर्ग, समुदायलाई न्याय स्वतन्त्रता दिन सक्तैन। संसदीय व्यवस्थालाई ध्वस्त गर्दै नयाँ जनवाद, पुँजीवादी व्यवस्था ल्याउनका निमित्त सशस्त्र जनयुद्ध प्रारम्भ गरेको तत्कालीन माओवादीको मूल नेतृत्वको आत्मसमर्पणवादी लाइनको कारण आज ट्रेड युनियन अन्दोलन पुँजीवादी भासमा नराम्रोसँग जकडिन पुगेको छ। सन् १९९६ देखि सशस्त्र संघर्ष सुरु गरेको पार्टीले सन २००६ मा संसद्वादी पार्टीसँग १२ बुँदे सहमतिपछि यसले दक्षिणपन्थी दिशा समातेको छ । जनवादको नाममा सर्वहारा मजदुरवर्गको नेतृत्वलाई अस्वीकार गरेको छ।

बहुदलीय प्रतिस्पर्धाको नीति लिएको छ । झन् अहिले वाम गठबन्धनको नाममा संशोधनवाद र नवसंशोधनवादको एकताको लगनगाँठो गाँसेको छ । अहिले बुर्जुवा दलाल संसदीय व्यस्थाभित्रको मजदुर आन्दोलन शिथिल बन्न पुगेको छ । एकपछि अर्को मजदुर हक अधिकार खोसिँदै गइरहेको छ। अन्तर्राष्ट्रिय श्रमजीवी मजदुर आन्दोलनको पहिलो ढोका सन १८३१ मा फ्रान्सको रेशम उद्योगको केन्द्र लियोमा गरिबी र पीडाले पिल्सिएको मजदुरवर्गले जुलाह विद्रोह गरे । उक्त सहरलाई कब्जा जमाए। त्योभन्दा पहिले श्रमजीवी मजदुरवर्गले अन्यायको विरुद्ध स्वतस्फूर्त आन्दोलनहरू संचालन गरे । सुरुमा आफूले काम गर्ने मेसिनलाई नै तोडफोड गर्ने, मेसिनलाई दुश्मन देख्न थाले । तर जुन मेसिन मालिकवर्गले संचालन गरेको हुन्थ्यो, वास्तविक शोषक त मालिक हुन्थ्यो तर असंगठितर राजनीतिक चेतना नभएका कारण भौतिक संरचना माथि मजदुरहरू धावा बोल्दथे। मजदुरहरू असंगठित थिए। मजदुरहरू दैनिक अठार घन्टासम्म काममा खट्नुपर्दथ्यो। महिला र बालश्रमको व्यापक उपयोग गरिन्थ्यो। त्यतिखेरका श्रमिकले बेलायत, लन्डनलगायत सहरमा राजनीतिक, सामाजिक, आर्थिक अधिकारका लागि संघर्ष उठाए तर त्यहाँको शासकले मजदुरको मागलाई बेवास्ता गरे । मजदुरहरूले सन् १९३७ मा एउटा घोषणापत्र तयार गरेर संसद्मा पेश गरे। हस्ताक्षर अभियान नै चलाए। सो चार्टर पटक-पटक संसद्मा पेश गरियो। सो आन्दोलन श्रमजीवी मजदुरको संगठित आन्दोलन थियो। नेपालमा पनि मजदुर आन्दोलनहरू नभएको हैन । विराटनगर जुटमिल पछिल्लो कालखण्डमा जनयुद्धको राप र तापमा विभिन्न दलाल उद्योगमाथि कारवाहीहरू भए । तर, त्यो सफलताको शिखर चुम्न नपाउँदै वर्गसमन्वयमा पुगेर विघटित विसर्जित हुन पुग्यो। कारण विभिन्न हुन सक्छ तर क्रान्तिकारी पार्टीको विचलन आत्मसमर्पण र बाटो बिराउनुले नै आधारभूत श्रमिकले सधैँका लागि वर्गीय मुक्ति पाएनन् । हुन त नेपाल औद्योगिक पुँजीवादको विकास हुन पाएन। औद्योगिक पुँजीवादको स्थानमा दलाल पुँजीवादले लिन पुग्यो । दलाल पुँजीवादलाई डोऱ्याउँदै निगम पुँजीले संसारभरि प्रभाव र बर्चस्व कायम गरिएको छ। ओद्योगिक पुँजी अर्थात् औद्योगिक विकासले श्रमजीवी मजदुरवर्गलाई रोजगारीको सिर्जना गर्दथ्यो । कानुनी अधिकार प्राप्त गर्न संगठित हुने र आफ्नो लक्ष्य प्राप्त गर्न एकाकार हुन सम्भव थियो तर एकाधिकर दलाल पुँजीले सम्पूर्ण उद्योग कलकारखाना एकल स्वामित्व लिने राज्य आतंक सिर्जना गर्ने सरकारमा रहेको दलाल, कर्मचारीमा भएका घुसखोर, दलाल ट्रेड युनियनमा रहेका अर्थवादी लुटेरा समूहको मिलीभगतमा नियम कानुन बनाउन लागू गर्ने गरिरहेका छन् । त्यसैगरी, निगम पुँजीले राजनीति व्यवस्था आफ्नोअनुकूल बनाउने, राजनीति सत्ता फेरबदल गर्ने, राजनीति दलाल खडा गर्ने गरेको छ। यी तीनवटा अवयवहरूले आफ्ना नाफाको लागि शक्ति आर्जन गर्न देश दोहन गरिरहेका छन्।

मजदुरवर्गलाई रत्तिभर पनि सम्बोधन गर्न नचाहने दलाल संसदीय व्यवस्थाका मतियारहरू सपनाको चास्नी खुवाइरहेका छन् । लाग्छ, यिनीहरू जादुका छडी हुन्, एकै झट्कामा मुलुकलाई कायापलट गरिदिने समृद्धि ल्याइदिने ढोंग पिटिरहेका छन्। हामीले यिनका सत्ता देख्यौं, यिनका सरकार भोग्यौं । सबैभन्दा बढी सत्ताभोग गर्नेहरूले के गरे त ? भ्रष्टाचार, कमिसनको लोभमा परि राज्य नै बन्धकी राख्ने काम गरे। आफ्नो ओहदाको ख्यालै नगरी असमान सन्धि सम्झौताहरू गरे, नदी बेचे, उद्योग कलकारखाना बेचे, असमान



विनोद थापा

> मजदुरवर्गलाई रत्तिभर पनि सम्बोधन गर्न नचाहने दलाल संसदीय व्यवस्थाका मतियारहरू सपनाको चास्नी खुवाइरहेका छन् । लाग्छ, यिनीहरु जादुका छडी हुन्, एकै झट्कामा मुलुकलाई कायापलट गरिदिने समृद्धि ल्याइदिने ढोंग पिटिरहेका छन् । हामीले यिनका सत्ता देख्यौं, यिनका सरकार भोग्यौं । सबैभन्दा बढी सत्ताभोग गर्नेहरुले के गरे त ? भ्रष्टाचार, कमिसनको लोभमा परि राज्य नै बन्धकी राख्ने काम गरे । आफ्नो ओहदाको ख्यालै नगरी असमान सन्धि सम्झौताहरु गरे, नदी बेचे, उद्योग कलकारखाना बेचे, असमान सन्धि-सम्झौताहरु गरे । राष्ट्रघाती कदम चाले । देशको ढुकुटी रित्याए । देश कंगाल बनाए । युवाहरूलाई बेरोजगार बनाए । लुटतन्त्रको पर्याय बनेको संसदीय दलाल व्यवस्थाभित्र श्रमजीवी मजदुरवर्गको न स्थान रह्यो न अधिकार सम्पन्न भए ।

सन्धि-सम्झौताहरू गरे। राष्ट्रघाती कदम चाले। देशको ढुकुटी रित्याए । देश कंगाल बनाए । युवाहरूलाई बेरोजगार बनाए । लुटतन्त्रको पर्याय बनेको संसदीय दलाल व्यवस्थाभित्र श्रमजीवी मजदुरवर्गको न स्थान रह्यो न अधिकार सम्पन्न भए । यिनै घटनाक्रमले नेपालमा संसद्वादी ट्रेड युनियनको लाचारी, धोकाधडी, बदनियत कदमलाई सच्चा क्रान्तिकारी मजदुरहरूले सहन गर्न सकिन्न । त्यसकरण, नेपाल कम्युनिस्ट पार्टीको छहारीमा गठित, संगठित अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले श्रमजीवी मजदुरवर्गको वास्तविक समस्याको सम्बोधन गर्न क्रियाशील छ।

हामीले विभिन्न मजदुर विरोधी हर्कतको मात्र भण्डाफोर गरेका छैनौं । यो व्यवस्थामा कुनै पनि मूल्यमा मजदुरहरूले न्याय, स्वतन्त्रता र अधिकार पाउन सक्तैन । पुँजीपतिवर्गले ट्रेड युनियनलाई परम्परागत ढंगबाट हेर्ने गर्दथे तर अहिले क्रान्तिकारी ट्रेड युनियनको दरो उपस्थितिले दलाल पुँजीपतिवर्ग तिल्मिलाउन थालेका छन् । राज्यव्यवस्था परिवर्तन गर्ने अभियानमा श्रमशक्तिको राजनीतिक, सामाजिक, आर्थिक चेतनालाई अभिवृद्धि गर्न तल्लीन हाम्रो संगठन वास्तविक मजदुरहरूको मागहरू लिएर संघर्ष तथा अभियानात्मक कार्यक्रममार्फत् अगाडि बढिरहेका छौं । दलाल शासकले मजदुर नेताहरूलाई धरपकड, गिरफ्तार, यातना दिए पनि यिनका काँडेबार छिचोल्दै मजदुरको भविष्य सुनिश्चितताका लागि अग्रणी भूमिका खेलिरहेका छौं। हाम्रो ताकतलाई अवमूल्यन गर्ने भ्रमित गर्ने समूह संगठनहरू, श्रमऐन कानुनको रक्षक भन्नेहरू फेरि पनि श्रमजीवीलाई महापासोमा पार्न सकिन्छ भनी दिवासपना देख्दैछन्। त्यसको पछिल्लो अध्याय भनेको दलाल सरकारको निकायबाट नयाँ श्रम ऐन २०७४ लागू गर्ने उद्घोष गरेको छ। उक्त कानूनमा कसरी फेरि पनि मजदुरहरू अन्यायमा पर्ने छन् भन्ने विस्तृत विवरण तल उल्लेख गरिएको छ। अहिलेका श्रमऐनले भनेको छ :

१) कामदारले अर्थात् श्रमिक मजदुरवर्गले काम थालेको दिनदेखिनै संचय कोष र उपदान पाउने व्यवस्था गरिएको भनिएको छ। तर, हाम्रो संगठन भन्छ, पूर्व-तयारीबिना यो कसरी संभव छ ? हामी माग गर्दछौं कि मजदुर संचयकोष भवनको पूर्वाधारबिना यो कार्यान्वयन हुनै सक्तैन
२) यो सुविधा पाउने स्थायी हुन पर्नेछैन तर स्थायी नियुक्तिपत्रबिना कुन प्रमाणको आधारमा संचयकोष र उपदानको व्यवस्था हुने हो ? यसमा आशंका व्यक्त गर्न सकिन्छ।
३) श्रमजीवी कामदारलाई सामाजिक सुरक्षाको व्यवस्था गरिएको भनिएको छ तर नितिगत तह सामाजिक सुरक्षाभित्र के-के पर्दछ ? जस्तो उद्योग कलकारखानामा काम गर्दा गर्नै पर्ने, अपनाउनुपर्ने सुरक्षा पोशाक, सेफ्टी गर्न साधनहरू आवश्यक तयारी तालिम, पूर्वाधारको उचित व्यवस्थापनको विषय उल्लेख छैन।
४) श्रम ऐनअनुसार पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा कर्मचारी वा जनसुकै पदनाम दिई काम गरेकाले सुविधा पाउने छ भनिएको छ। तर अहिलेको समय शारीरिक श्रम, बौद्धिकश्रमलाई समान दृष्टिकोणले हेर्ने कुरा गरे पनि व्यावहारिक रूपमा अर्थात् पुँजीपतिवर्गले गर्ने विभेदको अन्त्य हुन नसक्ने कुरा पनि उत्तिकै टड्कारो छ।
५) स्थायी र अस्थायीको कामदारको सट्टा अबदेखि नियमित, कार्यगत, समयगत, आकस्मिक र आंशिक कामदारको रूपमा वर्गीकरण गरिएको भनिएको छ । यी कामदारहरूको पारिश्रमिकबाट दश प्रतिशत रकम कट्टा गरी सतप्रतिशत रकम थप गरी संचयकोषबापत रकम जम्मा गर्नुपर्नेछ ,भनिएको छ । त्यस्तै आधारभूत पारिश्रमिकको आठ दशमलव ३३ प्रतिशत बराबरको रकम उपदानमार्फत् जम्मा गर्नुपर्नेछ । यही संचयको र उपदान जम्मा गर्न नसकिने भए प्रत्येक महिनाको तलवमै थप गरी दिनुपर्ने ऐनमा उल्लेख छ। यसले के प्रष्ट गर्छ भने उद्योगी तथा पुँजीपतिवर्गलाई यो ऐन कडाइको साथ पालन गर्नपर्ने देखिन्न। दोहोरो अर्थ लाग्नेगरी पुँजीपतिलाई सहजै सजिलो गरिदिएको छ। यो नभए त्यो, त्यो नभए यो। यसर्थ, यो ठूला उद्योगी व्यवसायी र सानो मझौला उद्योगलाई राज्यको समान व्यवहारभन्दा पनि अस्वस्थ प्रतिस्पर्धाले अन्तमा राष्ट्रिय उद्योगलाई नै चौपट बनाउने सुनियोजित कदमको रूपमा यो श्रम ऐन आएको छ।
६) यो ऐन घरेलु कामदारदेखि एकजना मात्र कामदार रहेको समेत प्रतिष्ठान, गुठी, निजी फर्म, साझेदारी फर्म, सहकारी संस्थामा लागू भएको छ तर यो सन्दर्भमा सरोकार निकायले नियमन अनुगमन गर्ने कुरामा ऐन मौन छ । घरमा काम गर्ने कामदार, संस्थानको कर्मचारी, सहकारी निजी फर्मलगायत प्रतिष्ठान आ-आफ्नो वित्तीय नियम, कम्पनी नियमलगायत कानुनी व्यवधानहरू छन् । यसले अझैसम्म पनि श्रमऐन नियमको पालामा गर्ने दायित्वबाट पन्छिरहेको छ । त्यसकारण, यो अवस्थामा कार्यान्वयन गर्ने तहमा ढिलासुस्ती हुने, गैरजिम्मेवारी तरिकाले कानुनको अवमूल्यन गर्ने अवस्थामा व्यवसायी पुग्नेछ । त्यसलाई मलजल र टेवा सरकारी निकायले स्वयम् गर्नेछन् किनभने अहिलेसम्म कानुन किताबी पन्नामाबाहेक व्यवहारमा कार्यान्वयन सरोकारवाला निकायले गरेको पाइँदैन। हाम्रो माग श्रमऐन कानुन उल्लंघन गर्नेलाई र श्रमिक मजदुरहरूको आवाजलाई निस्तेज दमन गर्नेको विरुद्ध कडा प्रतिवाद गर्न जरुरी देखिन्छ।
७) विगतमा श्रम ऐन प्रतिष्ठानस्तरमा मात्र लागू हुन्थ्यो । ऐनले अनौपचारिक क्षेत्रमा कार्यरत कामदार श्रमिकलाई समेटेको छ भन्ने उल्लेख छ। नयाँ व्यवस्थाले रोजगारदाताले श्रमिक कामदारको कम्तीमा वार्षिक एक लाख रूपैयाँसम्मको औषधी उपचार बिमा गराउनुपर्ने, जुनसुकै दुर्घटनामा वार्षिक सात लाख रूपैयाँ बराबर दुर्घटना बिमा गराउनुपर्ने उल्लेख छ । रोजगारदाताले करारनामा उल्लेख गरिएअनुसार समयमा तलब भुक्तानी, एक वर्ष सेवा अवधि पूरा गरेका श्रमिकले मासिक रूपमा पाउने आधारभूत पारिश्रमिकको कम्तीमा आधा दिनको पारिश्रमिक बराबरको रकम र प्रत्येक वर्ष वार्षिक तलब वृद्धि पाउनेछ भन्ने व्यवस्था गरेको छ, ऐन काम नगरेको दिनमा पारिश्रमिक नदिने व्यवस्था गरेको छ। हालको ऐनले महिला श्रमिकलाई पनि समेटिएको भनिएको छ । महिलालाई बिहान ६ बजेदेखि बेलुका ५ बजेसम्म काम लगाउने व्यवस्था हटाइएको छ भनिएको छ। महिलालाई थप सुविधा दिँदै समयभन्दा बढी काम लगाउनुपरे यातायातको सुविधा, राती काम नलाउने र सुत्केरी बिदा, आफन्त मृत्यु भएमा काजकिरिया बिदासम्म दिने, यौनजन्य दुर्व्यवहार कार्यस्थलमा भए दुर्व्यवहार गर्नेमाथि कडा कारबाही गर्ने व्यवस्था गरिएको छ। ५५ वर्ष अनिवार्य अवकासको उमेर बढाई कामदारलाई ५८ वर्ष को हद बनाएको छ।

यी सबै कानुनभन्दा पनि तपसिलका विषय हुन् । यिनै संसदीय दलाल व्यवस्थाभित्र यो श्रम लागू गर्ने दिशातिर शासक रत्तिभर पनि तयार छैनन् । संसदीय व्यवस्थाभित्र संचालित मजदुर संगठनले यसलाई कार्यान्वयन गर्नभन्दा बार्गेनिङ गर्नेतिर लाग्नेछन्। हामी क्रान्तिकारी मजदुर संगठन अर्थात् अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले यसलाई कागजी बाघको रूपमा लिएका छौं। यिनका ऐन कानुन विफल हुने निश्चित छ। हामीले क्रान्तिकारी तथा सांगठनिक हस्तक्षेपद्वारा क्रान्तिकारी मजदुर आन्दोलनलाई थप उचाइमा लान अनिवार्य छ।

Amazing
Educational Consultancy Pvt. Ltd.
www.amazingec.com
Japan | Australia | USA | Europe (Schengen Countries)
**Pokhara Office:** Pokhara Mall
Shutter No. D 15, Prithivi Chowk, Pokhara
Contact No.061-538125, 98560-30863
E-mail: amit.amazingec@gmail.com

संस्मरण डायरी

# उच्च आकाङ्क्षा बोकेर लेनिनग्रादमा



अशोक सुवेदी

आज सन् २०१७ नोभेम्बर पाँच तारिख । अब लगातार ६ दिनसम्म हामी यही लेनिनग्रादमा बस्नेछौँ र अक्टोबर क्रान्तिको शतवार्षिकी महासम्मेलनका विभिन्न गतिविधिमा सामेल हुनेछौँ ।

रेलबाट झर्दानझर्दै आयोजक संस्थाका कमरेडहरु हाम्रो सेवामा तल्लीन थिए । कमरेड दिमित्री, कमरेड अलेक्स हामीसँगै भएकाले कुनै कठिनाइ महसुस भएन । हामी एकछिन यात्रा गरेर सम्बन्धित होटेलमा पुग्यौँ । यिनै रेलको यात्रा गर्न र होटेलमा बस्नका लागि भनेर हामीले नेपालमै केही रकम जम्मा गरेर पठाइसकेका थियौँ । हामी बिहानै पुगेकाले होटेलका कोठा खाली भइसकेका रहेनछन् । लबीमै हाम्रा सुटकेसहरु थन्क्यायौँ र चियानास्ता गर्न भनेर हामी बाहिरियौँ । लेनिनग्राद पुग्दा सिमसिम पानी परिरहेको थियो । रुसको उत्तरी भूभाग, युरोपको पूर्वी क्षेत्र र फिनल्यान्डको सीमा रहेको यो समुद्री तट भएकाले यहाँ प्रायः पानी परिरहने, घाम नलाग्ने जानकारी हामीलाई आयोजकहरुले दिए । मस्कोको माइनस तापक्रम सजिलै पचाएका हामीलाई लेनिनग्रादको चीसो पचाउन कुनै गाह्रो थिएन तर पनि घामै लाग्दैन रे भन्ने सुन्दा बाहिरी चीसो भित्र कताकता छुँदै लहरियो तर पनि हामी हिम्मत कसेर बजारतिर निस्कियौँ । हामीले एक फन्को लगाउँदासम्म पनि लेनिनग्राद ब्युँझिएको थिएन । मध्यरातसम्म व्यापार गर्ने र चहलपहल रहने यो सहर बिहान १० बजेसम्म सुस्ताइरहने रहेछ ।

कमरेड आन्द्रेई (मैले सुरुमै राखिदिएको नाम कमरेड चे) थपिनुभएको छ हाम्रो लेनिनग्रादको यात्रामा । आन्द्रेई यहीँका स्थायी बासिन्दा हुनुहुन्छ । मस्कोका कमरेड दिमित्री र त्यहाँबाट झन्डै ६ हजार किलोमिटर दूरीमा रहेको लेनिनग्रादका कमरेड आन्द्रेई अनि दक्षिणएसियाका हामी सबैलाई जोड्ने एउटै कडी थियो लेनिनवाद । अक्टोबर क्रान्तिको सफलतापछि नै कमरेड स्टालिनले संश्लेषण गर्नुभएको थियो लेनिनका योगदान र विचारहरुलाई लेनिनवाद भनेर । लेनिनवादले हामीलाई मात्र होइन, संसारभरका कम्युनिस्ट क्रान्तिकारीहरुलाई रुसमा भेला गराएको थियो- ब्राजिलदेखि पेरुसम्म, बेलायतदेखि बेल्जियमसम्मका लेनिनवादीहरुलाई एउटै मोर्चा र मञ्चमा एकत्रित गराएको थियो । लेनिनवादका मात्र नभएर जुछे विचारका समेत पक्षपोषक थिए कमरेड दिमित्री, कमरेड चे र कमरेड भादिमहरु । जनगणतन्त्र कोरियाको राजधानी प्योङ्याङमै भएको थियो उनीहरुसँग हाम्रो भेट र त्यहीँ भएको थियो मस्को र लेनिनग्रादमा अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रम मनाउने सल्लाह ।

लेनिनग्रादको पुरानो नाम पेत्रोग्राद थियो र लेनिनले विद्रोह घोषणा गरेर सबैभन्दा पहिले मुक्त गराएको सहर भएकाले लेनिनको सम्मानमा यसको नाम लेनिनग्राद राखिएको थियो । प्रतिक्रान्तिपछि फेरि शासकहरुले यो सहरको नाम सेन्टपिटर्सबर्ग राखेका थिए । सेन्टपिटर्स कुनै समयमा रुसका शासक थिए र यो सहरको विकासमा उनको ठूलो योगदान थियो ।

लेनिनग्रादमा मलाई परेको पहिलो प्रभाव यहाँको प्राचीनता, सुन्दरता र सरसफाइ थियो । प्योङ्याङ सहरमा जस्तै यहाँ पनि कतै फोहोर देखिएन । मानिसका पैतालाका डोब देखिएलान्‌जस्ता चिल्ला र सफ सडक थिए । सडकमा बिछ्याइएका ढुङ्गाहरु पनि पुछेर सफा पारिएका थिए । घरको बनोट पनि कलात्मक, चोक, गल्ली र सडककिनाराहरु कलात्मक, ठाउँठाउँमा सजाइएका स्तम्भहरु कलात्मक । मलाई फेरि लागिरह्यो- समाजवाद स्थापना भएको मुलुकमा विचार र विकाससँगै सिर्जनालाई पनि उत्तिकै स्थान दिइँदो रहेछ । त्यसैले त लेनिनगृहको नाम गोर्की हिल रह्यो होला । कुनै ठाउँको नाउँ जर्जिया पार्क, कुनै अस्त्रोभस्की, कुनै पुस्किन गाउँ र कुनै के रहेका होलान् । चित्र, मूर्ति, सालिक सबैले उत्तिकै स्थान पाएका थिए । कलाले ठाउँ पाएकाले कलाकारले पनि ठाउँ पाएका थिए वा पाएका छन् होला भन्ने बुझ्न कुनै कठिनाइ भएन । समाजवादमा जस्तो पुँजीवादमा कला र कलाकारले ठाउँ पाउन नसक्ने कुरा त स्वाभाविक नै हो किनकि समाजवादमा कला जीवनका लागि, परिवर्तन र क्रान्तिका लागि हुन्छ भने पुँजीवादमा कला कलाका लागि हुन्छ । हिजो समाजवादले देश, जनता, वर्ग, क्रान्ति र मुक्तिलाई साहित्य, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकास गरेको थियो, आज पुँजीवादले आफ्नो सत्ता टिकाउनका लागि समाजवादी कला बेचिरहेको छ । उसले आफ्नो व्यापार गरेको भए पनि त्यसले केही हदसम्म हामीलाई लाभान्वित नै बनायो । हिङ नभए पनि हिङ बाँधेको टालोका रुपमा समाजवादी कलालाई पुँजीवादी कलासँग मिसमास पारेर भए पनि पुँजीवादले केही हदसम्म संरक्षण गरिदिएको रहेछ । विचार र व्यवस्था पुँजीवादी भए पनि समाजवादी कलाका केही पक्षहरुलाई जोगाएर राखिदिएकाले यो पक्षलाई धन्यवाद दिइयो ।

उएटा गाडीमा चढेर हामी विशाल तालबाट बगेर लेनिनग्राद हुँदै अघि बढ्ने नोभा नदी किनारमा पुग्यौँ । कमरेड दिमित्री, कमरेड अलेक्सीका साथमा अब अर्का कमरेड थपिएका थिए आन्द्रेई । उनी लेनिनग्रादका स्थायी बासिन्दा थिए । विचारले कहाँका मानिसलाई कहाँका मानिससँग भेट गराउँछ ! मस्कोका दिमित्री, भोल्गा नदीको किनारका आन्तोन र अलेक्सी, लेनिनग्रादका आन्द्रेई अनि कयौँ हजार किलोमिटर टाढा दक्षिणएसियाली मुलुक नेपालका हामी । हाम्राबीचमा एकैपटकको भेट नै आत्मीय भइहाल्थ्यो र हामी एकैछिनमा बर्सौंदेखि सँगै छौँजस्ता भइहाल्थ्यौँ किनकि हाम्रो विचार, भावना, वर्ग मिल्थ्यो । हामी संसारको जुनसुकै कुनाका भए पनि एउटै उद्देश्य साम्यवाद प्राप्तिको संघर्षमा होमिएका सचेत र क्रान्तिकारीहरु थियौँ । भूगोल मात्र होइन, भाषा फरक थियो, सामाजिक संस्कृति, रीतिरिवाज र चालचलनहरु फरक थिए, समाजवाद आइसकेको मुलुक र जनवादी क्रान्ति लड्दै गरेको मुलुकका बीचमा कयौँ कार्यनीतिक नारा र सङ्घर्षका आयामहरु फरकफरक थिए तर हाम्रो मूल ध्येय एउटै थियो- मार्क्सवाद-लेनिनवादको सही कार्यान्वयन, समाजवादका अनुभवहरुको केन्द्रीकरण, संसारका जनयुद्ध, विद्रोह र क्रान्तिहरुबाट शिक्षा लिँदै सामन्तवाद, पुँजीवाद र साम्राज्यवादविरुद्ध सङ्घर्ष/क्रान्ति र वैज्ञानिक समाजवाद हुँदै साम्यवाद प्राप्ति । यसका लागि सबैले मार्क्सवादका तीन सङ्घटक अङ्गहरु : दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको गहन अध्ययन र व्यवहारमा उतार्ने प्रतिबद्धता व्यक्त गर्दै एउटा खाका प्रस्तुत गर्नु थियो । सबैले आआफ्नो समाजका उत्पादनका साधनहरु, उत्पादक शक्तिहरु र उत्पादन सम्बन्ध व्यवहारबाटै बदल्ने प्रतिबद्धता व्यक्त गर्नु थियो र अन्तर्राष्ट्रिय गीत र सम्मेलनबाट त्यसलाई पारित गर्नु थियो । यसैका लागि त भेला भएका थियौँ हामी सबै महादेशका मालेमावादीहरु । त्यहाँ नयाँ दर्शनमाथि रस्साकस्सी गर्नेभन्दा मालेमालाई व्यवहारमा उतारेर नयाँ दर्शनशास्त्र प्रतिपादन गर्ने प्रतिबद्धता व्यक्त गर्नु थियो । सबैका आआफ्नो समाजका पीडाहरु थिए । कतिपय समाजमा अझै सामन्तवाद बाँकी थियो कतिपय समाजमा अर्धऔपनिवेशिकता, नवऔपनिवेशिकताले गाँजेको थियो । कतिपय समाजमा पुँजीवादको चरमोत्कर्ष थियो र कतिपय मुलुकमा पुँजीवादको साम्राज्यवाद र उत्तरसाम्राज्यवादमा भएको भ्रष्टीकरणले तहसनहस पारेको थियो । तर सबैको एउटै साझा उद्देश्य थियो- सबैखाले शोषण, दोहन, उत्पीडन र विभेदबाट मुक्तिका लागि विद्रोह, सङ्घर्ष, युद्ध र क्रान्ति । यसका लागि सबैले आआफ्नो देश र समाजका सामाजिक विशेषता र विशिष्टताहरु बोकेका थिए र एकापसमा राखेर त्यसलाई समाधान गर्ने साझा निष्कर्षबिन्दु निकाल्ने प्रतिबद्धता व्यक्त गरेका थिए महान् अक्टोबर क्रान्तिको शतवार्षिकी पारेर ।

भेट हुनासाथ कमरेड आन्द्रेईले देखाएको निश्छल वर्गीय माया पेरु, नेदरल्यान्ड, बेलायत, बेल्जियम वा ब्राजिलका कम्युनिस्ट पार्टीका कमरेडहरुले देखाएको भन्दा पृथक् थिएन, उस्तै गाढा थियो । एउटै दर्शनले बाँधेको थियो सबैलाई । कोही पनि दर्शन प्रतिपादन गरेर भेला हुन आएको थिएन, दर्शनले सबैलाई पछ्याइरहेको थियो । महान् अग्रजहरुले भनेझैँ दर्शन वस्तुगत सङ्घर्ष, उत्पादनका लागि संघर्ष र वर्गसंर्षबाट आउँछ । हामी सबैको उद्देश्य एउटै भएकाले हामी सबै एउटै दर्शनमा बाँधिएका थियौँ । सायद त्यसैले यस्तै अवस्थालाई ध्यानमा राखेर मार्क्सले भन्नुभएको थियो, 'सामाजिक जीवन मूलतः व्यावहारिक छ । सारा रहस्य जसले सिद्धान्तलाई रहस्यवादको गलत बाटोमा भड्काइदिन्छ । मानवव्यवहारमा र यस व्यवहारको संज्ञानमा आफ्नो बुद्धिसम्मत संज्ञान पाउँछ ।'

(मार्क्स, फायरबाखबारे निबन्ध) ।

लेनिनले यसैलाई अगाडि भन्नुभयो, 'जीवन र अनुभवको दृष्टिकोण नै ज्ञानसिद्धान्तको पहिलो र मुख्य दृष्टिकोण हुनुपर्छ र यसले अनिवार्यतः असंख्य प्राध्यापकीय मनगढन्ते पाण्डित्याइँहरुलाई बढार्दै भौतिकवादमै पुर्‍याउँछ ।'

(लेनिन, भौतिकवाद र अनुभवसिद्ध आलोचनावाद, १९०८) ।

यसै विषयलाई फ्रेडरिक एंगेल्सले यसरी दर्साउनुभएको थियो, 'छानबिन सिद्धान्तबाट सुरु हुँदैन, बरु छानबिनको अन्तिम परिणाम सिद्धान्त हुन्छ । यो सिद्धान्त प्रकृति तथा मानइतिहासमा लागू हुँदैन, बरु त्यसबाट निकालिन्छ । प्रकृति तथा मानवजातिलाई यी सिद्धान्तअनुरुप हुन जरुरी छैन । यसको उल्टो सिद्धान्त त्यही हदसम्म ठीक हुन्छ जुन हदसम्म त्यो प्रकृति तथा मानवइतिहासअनुरुप हुन्छ ।'

(एंगेल्स, ड्युहरिङ मत खण्डन, १८७६-७८) ।

लेनिनग्रादमा उन्मुक्त भएर विचरण गर्न आरम्भ गर्नासाथ नोभा नदीको तटमा कमरेड आन्द्रेईलाई मैले तिमी त कमरेड चे ग्वेभाराजस्तै लाग्छौ भन्दा उनी हृदयकै भाषा बोलेझैँ खुसी भएर ऐक्यबद्धता दर्साउँदै हौसिएर तस्बिर खिच्न तयार भएका थिए । उनले आफूले मात्र तस्बिर खिचेनन्, सडक सफा गर्दै गरेका मजदुरहरुसँग पनि तस्बिर खिचिदिए । हामी संसारका सबै श्रमिक, उत्पीडितहरु एक हौँ । भलै यतिबेला हामी भ्रमण र अध्ययनमा छौँ र यहाँका मजदुरहरु काममा छन् । हामी पनि एक किसिमको मजदुरी गर्दागर्दै महासम्मेलनमा भाग लिन आएका हौँ । मजदुरहरु पनि हाम्रो उत्साहसँग उत्साह थप्दै तस्बिरका लागि तयार भए । फरक कति थियो भने यतिबेला उनीहरुका हातमा श्रम गर्ने औजार थियो, हाम्रो हातमा क्यामेरा र कलम । सिमसिम पानीका बीच कञ्चन नोभा नदीमा हाँसहरु रमाउँदै पौडी खेलिरहेका थिए । हाम्रो मन पनि ती हाँसहरुजस्तै स्वच्छन्द सतहमा तैरिरहेको थियो । फरक यत्ति थियो, हाँसहरु बन्धनमुक्त थिए, हामी बन्धनसहित । त्यही बन्धन तोड्ने प्रतिबद्धता जनाउने महासम्मेलनमा सहभागी हुन हामी संसाभरका मालेमावादीहरु मस्को हुँदै लेनिनग्रादमा भेला भएका थियौँ । यही लेनिनग्रादबाट कमरेड भ्लादिमिर इल्यिच लेनिनले एक सय वर्षअघि विद्रोह र मुक्तिको शंखघोष गर्नुभएको थियो र विजयपताका फहराउँदै करिब ६ हजार किलोमिटर यात्रा गरेर रुसको क्रेमलिनमा विद्रोहको झन्डा उचाल्नुभएको थियो । मस्कोलगायत त्यस भेगकै चालीसौँ लाख मजदुरले एकैसाथ लेनिनलाई सशस्त्र क्रान्तिमा साथ दिएका थिए । त्यही विद्रोह निरंकुश जार शासकलाई ढाल्न सफल भएको थियो र त्यो दिन अक्टोबर २५ (हाल नोभेम्बर ७) थियो । हामी नेपालमा अक्टोबर २५ मै अक्टोबर क्रान्तिको शतवार्षिकी समारोह मनाएर मस्को हुँदै पुगेका थियौँ लेनिनग्रादमा । नेपाल कम्युनिस्ट पार्टीले अक्टोबर क्रान्तिको शतवार्षिकी एक वर्षसम्म विभिन्न कार्यक्रमसाथ मनाएको थियो । अक्टोबर क्रान्ति शतवार्षिकी आरम्भ हुनासाथ नेकपाले एउटा महत्वपूर्ण विचारगोष्ठी आयोजना गरेको थियो काठमाडौँमा । नेकपाका महासचिव कमरेड विप्लव प्रमुख अतिथि रहनुभएको कार्यक्रममा नेकपा स्थायी समिति सदस्य एवम् अन्तर्राष्ट्रिय ब्युरो इन्चार्ज कमरेड धर्मेन्द्र बास्तोला कञ्चनले लेख्नुभएको अक्टोबर क्रान्तिको अन्तर्राष्ट्रिय आयामसम्बन्धी पुस्तिका नै वितरण गरिएको थियो । उक्त पुस्तिका प्रकाशन गर्ने र वितरण गर्ने जिम्मेवारी मैले नै पाएको थिएँ । समाजमा स्थापित व्यक्तित्वहरुको उपस्थिति र क्रियाशीलतामा शतवार्षिकी कार्यक्रम मनाउन आरम्भ गरिएको थियो ।

**आयोजकहरुले हामीलाई सकेसम्म धेरै ऐतिहासिक र क्रान्तिसँग इतिहास जोडिएका स्थलहरु, नाजीवाद र जारशाहीविरुद्ध भीषण युद्ध भएका स्थल र युद्धसामग्रीहरु देखाउने र हाम्रो मनमस्तिष्कमा रुसप्रतिको एउटा नयाँ बिम्ब सिर्जनागर्ने योजना बनाइरहेको बुझिरहेका छौँ हामी । आज स्रष्टा पुस्किनको विशाल सालिकमा पुगेर नदीकिनार हुँदै महान् स्टालिनको प्रशासकीय भवनमा पुगेका छौँ हामी ।**

आरम्भमै म आफैँले शतवार्षिकी भव्य रुपमा सम्पन्न गराउने उद्देश्यले नौलो बिहानीलाई शतवार्षिकी विशेषाङ्कका रुपमा प्रकाशित गरेको थिएँ- पेरिस कम्युनदेखि एकीकृत जनक्रान्तिसम्म शीर्षक दिएर । नेकपाको ऐतिहासिक आठौँ महाधिवेशनमा थबाङमा उक्त विशेषाङ्कले राम्रो परिचर्चा र स्थान पाएको थियो । त्यसमा मार्क्स, ए.गेल्स, लेनिन, स्टालिन, चारुदेखि विप्लव, धर्मेन्द्र बास्तोला, कृष्णदास श्रेष्ठ, मोहनविक्रम सिंहसम्मका रचना समेटिएका थिए ।

त्यसपछि अक्टाबेर २५ मै नेकपाले काठमाडौँमा महासचिवकै प्रमुख आतिथ्यमा भव्य सभा आयोजना गरी अक्टोबर क्रान्तिको शतवार्षिकी मनायो । देशभरबाट दसौँ हजार नेता, कार्यकर्ता र जनता सहभागी उक्त कार्यक्रमले नेपालमा मालेमावादीहरु अर्को शिराबाट क्रान्तिको झन्डा बोकेर उठिरहेका छन् भन्ने सन्देश दिएको थियो ।

पार्टीको केन्द्रीय प्रकाशन रातो खबर साप्ताहिकले अक्टोबर क्रान्तिको शतवार्षिकीलाई विशेष स्थान दिएर मुख्य समाचार, लेख र सम्पादकीय नै प्रकाशन गरेको थियो ।

महान् अक्टोबर क्रान्तिको शतवार्षिकी नागरिक स्तरसम्म मनाइएको थियो । गीतकार शरद पौडेल, मुरारि न्यौपाने, सोनाम साथीलगायतको पहलमा काठमाडौँमा एक भव्य गोष्ठी आयोजना गरी एक वर्षसम्म अक्टोबर क्रान्तिको शतवार्षिकी मनाउने कार्यक्रम तय गरिएको थियो । उक्त कार्यक्रममा नागरिक समाजको नामबाट एउटा महत्वपूर्ण पर्चा पनि प्रकाशित भएको थियो । आफूलाई मार्क्सवादी-लेनिनवादी वा कम्युनिस्ट हौँ भन्ने पार्टीहरुलाई अक्टोबर क्रान्तिको मूल स्पिरिट स्वीकार गर्न लगाउन नागरिक समाजले एउटा प्रतिबद्धतापत्र पनि तयार पारेको थियो ।

त्यसै सिलसिलामा मैले अक्टोबर क्रान्तिको शतवार्षिकी समारोहमा रुसबाट आयोजकले निम्ता पठाएको र जाने तयारी गरेको सूचना पार्टीसमक्ष दिएको थिएँ । पार्टीले पनि कार्यक्रममा सहभागी हुन स्वीकृति दिएको थियो । विशेषगरी पार्टी स्थायी समिति सदस्य एवम् अन्तर्राष्ट्रिय ब्युरोइन्चार्ज कमरेड धर्मेन्द्र बास्तोला कञ्चन, पार्टीको सञ्चार ब्युरो प्रमुख तथा मेरो पार्टी ब्युरोका इन्चार्ज अनिल शर्मा विरही, म आबद्ध मोर्चा अखिल नेपाल जनसांस्कृतिक महासंघ, नेपाल-रुस लेखक/पत्रकार मञ्चलगायत सम्बन्धित निकायको स्वीकृति र सन्देशसमेत लिएर म रुसतर्फ लागेको थिएँ । नागरिक समाजका अगुवा शरद पौडेलसँग टेलिफोनमा भएको वार्ताअनुसार त्यो पर्चा रुससम पुर्‍याउने जिम्म मैले लिएको थिएँ ।

यही सन्देश र प्रतिबद्धतासहित हामी पुगेका थियौँ रुसको मस्को र लेनिनग्रादमा । लेनिनले विद्रोहको शंखघोष गरेको मैदानबाट आरम्भ गरेका थियौँ हामीले लेनिनग्रादको भ्रमण र अवलोकन । सुरुमा लेनिनको सालिक राखिएको यो मैदानको बीचमा यतिबेल ।अर्कै प्रतीकचिह्न......राखिएको थियो । अरु के देखिरहेका थिए कुन्नि, म भने यो स्तम्भमा पनि लेनिन र स्टालिनकै सालिक रहेको अनुभूति गरिरहेको थिएँ । सायद प्रतिक्रान्तिकारी ख्रुस्चेब र उसका ब्रेजनेभ, एल्तसिन, गोर्वाचोभ, ...। पुटिनलगायत पुँजीवादी चेलाहरुले लेनिनग्रादको यो मुख्य चोकबाट लेनिनको सालिक हटाएका थिए जसरी उनीहरु स्टालिनग्रादबाट स्टालिनको सालिक हटाएका थिए । साम्राज्यवादका पिछलग्गुहरुले चोकहरुबाट लेनिन र स्टालिनका सालिकहरु ह्टाएका भए पनि, सहरको नाउँ लेनिनग्राद र स्टालिनग्रादलाई अरु नै नाम परिवर्तन गरे पनि संसारभरका श्रमजीवी, शोषित र उत्पीडितहरुको मानसपटल र हृदयका पानाहरुमा सजिएको लेनिन-स्टालिनका योगदान र विचारहरु ढाल्न, फाल्न र फेर्न सकेका थिएनन् । त्यसैले त भेला भएका थियौँ हामी लेनिन र स्टालिनका अनुयायीहरु । मार्क्सवाद-लेनिनवाद-माओवादलाई प्रथप्रदर्शक सिद्धान्त मान्नेहरु ।

हामीले जारकालीन जेल (हालको एक संग्रहालय) प्रांगणमा पुगेर लेनिनको ब्यानर फहरायौँ र लेनिनवाद हाम्रो हृदयबाट कहिल्यै नमेटिने उद्घोष गर्‍यौँ । यात्राकै क्रममा भेटिएका थिए सेन्टपिटर्सबर्ग बूढा । उनलाई ब्यानर देखाउँदै हामीले तस्बिर खिच्यौँ । लेनिनग्रादको नाममा प्रतिक्रान्ति ल्याएर पुँजीवादीहरुले सेन्टपिटर्सबर्ग नै राखेका थिए तर आम श्रमजीवीहरुको हृदयमा त्यो भूमिको नाम लेनिनग्रँद र स्टालिनग्राद नै गुन्जिरहेको थियो । जारकालीन जेलका भित्ताहरुमा जारशाहीहरुले विद्रोहीहरुलाई दिने यातनाको शैली झल्किने आकृतिहरु कुँदेर राखिएको थियो । हामीले त्यसलाई पनि तस्बिरमा कैद गर्‍यौँ । कमरेड आन्द्रेई तत्कालीन जेल र हालको संग्रहालयका बारेमा सविस्तार वर्णन गरिरहेकै थिए । एउटा राम्रो पक्ष के थियो भने अन्तर्राष्ट्रिय महासम्मेलन आयोजक संस्थाका सबै पदाधिकारीहरु आआफ्नो क्षेत्रका अभ्यस्त पथप्रदर्शक (गाइड) जस्ता लाग्थे । हामीलाई निम्ता गरिसकेपछि यसबारेमा उनीहरुले राम्रै तयारी गरेको अनुमान मेरो थियो । मस्कोमा हामीलाई कमरेड दिमित्री, आन्तोन, आलेक्सी, निकोलाई र अर्का एकजना कमरेड (दाह्रीवाल, लारिसाको ...) ले पालैपालो पथप्रदर्शक र दोभासेको काम गरेका थिए भने लेनिनग्रादमा त्यही काम कमरेड आन्द्रेईले गरिरहेका थिए । उनीहरु हामीलाई धेरैभन्दा धेरै सूचना र मनोरञ्जन प्रदान गरेर यात्रालाई चौतर्फी रुपमा सफल बनाउन चाहन्थे । लेनिनग्रादका हरेक चोक, दरबार, संग्रहालय र सडकहरुमा हामी पहिलो दिनमै यति मोहित भयौँ कि हरेक दृश्यले हामीलाई लोभ्याइरहे र साथीहरु टाढा पुगिसक्दा पनि हामी धित मरुन्जेल ती दृश्यहरु हेर्नेतिर लाग्यौँ । दृश्यहरु हृदय र तस्बिरमा कैद गर्दागर्दै हिमलाल पराजुली र म एकातिर पर्‍यौँ । अरु सबै कता हराए कता ! हामी अनुमानले नै पहिला हामी बसबाट ओर्लिएको स्थानतिर लाग्दै गर्दा केही पर सुरेन्द्र केसी, मोहनलाल घिसिङ, सुरेश पोखरेल र माणिक लामाको परिवारका सदस्यहरु अघि लागेको देख्यौँ । हामी साथी भेट्यौँ भनेर मक्ख पर्दै तस्बिर खिच्नतिर लाग्यौँ तर उनीहरु पनि मुख्य समूहबाट हराएर अनुमानकै भरमा गाडी खोज्दै नदी पार गरिरहेका रहेछन् । गाडीमा पुगेर हामीले चालकलाई हामी दुई समूह बाटो अल्मलिएर गाडीमा आइपुगेको खबर गरिदेऊ न भन्यौँ । उनले फोन लगाएजस्तो पनि गरे तर सम्पर्क भएनछ क्यारे । झन्डै आधा घन्टापछि अर्को ठूलो समूह हामी हरायौँ भन्दै हस्याङफस्याङ गर्दै गाडीमा आइपुग्यो । कमरेड दिमित्री हामीलाई खोज्दै निकै टाढासम्म पुगेछन् । त्यहाँ आएकाहरुमध्ये कसैले दिमित्रीलाई खबर गरिदियो । त्यसको पनि झन्डै २० मिनेटपछि दिमित्री थकित भएर गाडीमा आइपुगे र माणिकका श्रीमती र बहिनीका कारण एउटा समूह हराएको भन्दै अलि आक्रोशित भए । त्यसलगत्तै फिनल्यान्ड जाने रेल स्टेसन घुम्दै हामीले खाना खायौँ । त्यो दिन दिमित्री अरु देशका कमरेडहरुलाई लिएर अर्कै कार्यक्रमतिर लागे । हामी भने लामो समयसम्म यता र उता गर्दै रेल स्टेसनवरिपरि घुमिरह्यौँ ।


त्यसपछि हामी गाडीबाट अलि पर पुग्यौँ । त्यहाँ लेनिनले सम्बोधन गर्दै गरेको विशाल सालिक थियो । हामीले त्याहाँ पनि ब्यानर प्रदर्शन गर्दै केही तस्बिर खिचायौँ ।यतिबेला आलेक्सी हाम्रा अगुवा भएका थिए । सन्ध्याकालमा हामीलाई स्वागत गर्न आयोजक समितिकै कमरेड भादिम आइपुगे । उनले भूमिगत मेट्रो स्टेसनका भित्तहरुमा कुँदिएका ऐतिहासिक सालिक, चित्र र मूर्तिहरुबारे जानकारी गराए । कमरेड आलेक्सीले अंग्रेजीमा त्यसको परी लगाए ।लेनिन र गोर्कीका मूर्ति र चित्रहरु रेल स्टेसनका भित्ताभरि देख्दा म गर्वले भरिएँ ।

बेलुका हामी बिहान सुटकेसहरु राखेकै ..........होटेलमा फर्कियौँ । होटेल सञ्चालकहरुसँग तस्बिरहरु खिचेर स्मरणका लागि राखियो । होटेल व्यवस्थापनमा देखिएको ढिलासुस्तीका कारण होला, त्यस होटेलमा हामी सबैलाई ठाउँ पुगेन । अलि कमजोर व्यवस्थानको अर्को होटेलमा ६ जनालाई लग्ने कुरा भयो । मैले कमजोर भए पनि नयाँ व्यवस्थापनको होटेलमै जानेमा सहमति जनाएँ । म, हिमलाल पराजुली, भीम भारती, सुरेश पोखेल, दुर्गा अधिकारी र कटुवाल अर्कोमा जान तयार भयौँ । एक दिनको तीन हजार रुपैयाँका दरले तिरेको होटेलको यो हाल देखेर साथीहरुबीच केही ठुस्काठुस्की पनि भयो । तर पाहुना भएर आइसकेपछि कयौँ ठाउँमा सम्झौता गर्नुपर्ने बाध्यता थियो । यस्तो सम्झौता हामीले मस्कोमा पनि गरिसकेका थियौँ । हामी विसाल र मस्त ।गर्न नभएर महान् लेनिन र स्टालिनका योगदानहरु, त्यहाँको विकास अनि नयाँ क्रान्तिको तयारीका लागि अनुभव र विचार आदानप्रदानगर्न विश्वभरबाट भेला भएका थियौँ । अलि व्यवस्थित कोठा गोपालजी, सुरेन्द्र केसी, श्रीमती र बहिनीलाई रोजिदिएर माणिक लामा पनि हामीसँगै हिँड्नुभयो । त्यो दिन म, माणिक र भीम भारती दुईवटा ओछ्यानमा मिलेर सुत्यौँ । सुरेश र हिमलाल एउटा कोठामा, दुर्गा र कटुवाल अर्कोमा मिलेर सुते । अक्टोबर क्रान्तिको शतवार्षिकी महासम्मेलनमा भाग लिन रुस आउन पाउनु हाम्रा लागि आफैँ गर्व र उच्च महत्वको कुरा थियो । हामी यात्रालाई भविष्यसँग गाँसेर उद्देश्यपूर्ण बनाउनेमा चिन्तित थियौँ । त्यसैले होटेलको असुविधाले हामीलाई बाधा पुर्‍याउन सकेन । एउटा रेस्टुरेन्टमा गएर आआफ्नो रुचिअनुसार खाना खायौँ र आआफ्नो बिस्तरामा सुत्नुअघि हामीले दिनभरको यात्रा, भ्रमण र अवलोकनको समीक्षा गर्‍यौँ । मेरो एउटै कुरामा जोड रह्यो- समाजवादकालमा निर्माण भएको कला र संचना पुँजीवादले बिगार्न सकेको रहेनछ । र मैले यो पनि भनिरहेँ- बाघको छालामा स्यालको रजाइँ । कमरेड हिमलाल र भीम भारतीले मेरोकुरालाई समर्थन गरिरहनुभयो । मार्क्सवादलाई विकास गरेर क्रान्तिलाई नयाँ चरणमा उठाउने र निरंकुश जारशाहीलाई ध्वस्त पारेर रुसको कायापलट गर्ने लेनिनको सालिक ढाल्ने र सोभियत रुस निर्माण गरेर हिटलरी नाजीवादलाई धुलो चटाउँदै आधुनिक सोभियत रुस निर्माण गर्ने स्टालिनको सालिक र शव ढालेर घिसार्ने साम्राज्यवादका असली सन्तानहरुले चाहेर पनि रुसको विकास र निर्माणलाई भने भत्काउन सकेका रहेनछन् । रुसका हरेक पाइलापाइलामा लेनिन र स्टालिन थिए । लेनिन र स्टालिनलाई रुसको विचार, परिवर्तन र विकास निर्माणबाट हटाउनु भनेको वैचारिक मात्र होइन, भौतिक रुपमा पनि प्रतिक्रान्ति गर्नु हुन्थ्यो । समाजवादबाट पुँजीवादमा मात्र होइन, सामन्तवादमा फर्किनु हुन्थ्यो । त्यसैले त पुँजीवादले चाहेर पनि लेनिन र स्टालिनका योगदानहरुलाई समाप्त पार्न सकेका रहेनछन् । नाजीवाद र साम्राज्यवादलाई चकनाचुर पारेको हुनाले दुष्टहरु स्टालिनलाई क्रूर भनेर बदनाम गराउने योजनामा छन् भने लेनिनको नाउँ लिने तर विचार त्याग्ने गरेर चीनमामाओलाई झैँ खोपीको देउता बनाउने षड्यन्त्रमा छन् तर रुस रहेसम्म यहाँबाट लेनिन र स्टालिनका योगदानहरु कसैले चाहेर पनि समाप्त पार्न सक्तैन । यहाँको माटो, ढुंगो, बाटो, ईंट, भवन, भुइँ, पुलपुलेसादेखि सबै ठाउँमा हँसियाहथौडा अंकित झन्डाहरु छन् । जमिनको सतहमा मात्र होइन, भूमिगत रेल स्टेसनका भित्तहरुमा समेत लाखौँको संख्यामा कम्युनिस्ट पार्टीको झन्डा, मार्क्स र लेनिनको सालिक अनि वीरवीरांगनाहरुको मूर्ति र शिलालेखको अभिलेख छ । भूमिगत रेल स्टेसनहरुका भित्ताहरुबाट कम्युनिस्ट पार्टीको झन्डा, हँसियाहथौडा र मूर्ति तथा चित्रहरु हटाउनु भनेको त्यो सबै संरचना ध्वस्त बनाउनु हो । निर्माण भइसकेकोभौतिक संरचना ध्वस्त बनाएर नयाँ बनाउन पुँजीवादको ह्याउ नै छैन । त्यसैले हामीले ती सबै संरचना हेरिसकेपछि भन्यौँ- एक सय वर्षअघि नै सहरमा जमिनभन्दा दुई सय मिटरमुनि रेल कुदाउने योजना कार्यान्वयन गर्न समाजवादभन्दा अरु कसैको मस्तिष्कमा आउन सम्भव थिएन । पुँजीवादमा त्यो सम्भव हुन्थ्यो भने जार शासकहरुले त्यो किन गर्न सकेनन् ? समाजवादपछि ख्रुस्चेब र उसका चेलाहरुबाट त्यो किन सम्भव भएन र आज एक सय वर्षपछि पनि पुटिनहरु त्यही संरचनामा आफूलाई बडो गौरवान्वित ठान्दै शासन गरिरहेछन् !

नोभेम्बर ६ तारिख हो आज । आयोजकहरुले हामीलाई सकेसम्म धेरै ऐतिहासिक र क्रान्तिसँग इतिहास जोडिएका स्थलहरु, नाजीवाद र जारशाहीविरुद्ध भीषण युद्ध भएका स्थल र युद्धसामग्रीहरु देखाउने र हाम्रो मनमस्तिष्कमा रुसप्रतिको एउटा नयाँ बिम्ब सिर्जनागर्ने योजना बनाइरहेको बुझिरहेका छौँ हामी । आज स्रष्टा पुस्किनको विशाल सालिकमा पुगेर नदीकिनार हुँदै महान् स्टालिनको प्रशासकीय भवनमा पुगेका छौँ हामी । स्टालिनले यही भवन र कार्यालयमा बसेर निर्माण गरेका थिए होलान् नाजीवादी हिटलरको निरंकुश योजना र कार्यक्रम ध्वस्त पार्ने योजना । महत्वाकांक्षी हिटलरको दमन र विस्तारअभियानलाई स्टालिनले रोक्न नसकेको भए न लनिनवादकोविकास हुने थियो, न सोभियत रुसको विकास नै हुने

... बाँकी पृष्ठ ७ मा

# प्रलेसको औचित्य सकिएकै हो त ?


खेम थपलिया

मार्क्सवादी लेखक-साहित्यकारहरू समाजलाई वर्गविभक्त रूपमा लिन्छन् र समाजमा चलिरहने वर्गसङ्घर्षलाई रूपान्तरणको प्रेरक तत्व ठान्दछन् । श्रमिकवर्गलाई सम्पूर्ण भौतिक एवम् भावनात्मक सम्पदाका स्रष्टा र इतिहासका निर्माताका रूपमा स्वीकारिन्छ । द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई सौन्दर्यचिन्तनको आधारका रूपमा अँगाली समाजमा व्याप्त सामन्तवाद, साम्राज्यवाद, प्रभुत्ववाद तथा विस्तारवादको विरोध मात्र होइन; त्यसका विरुद्ध सङ्घर्ष गर्न भौतिक आधारहरू आवश्यक हुन्छन् । नेपालमा सामन्तवाद तथा विस्तारवादी-साम्राज्यवादीविरोधी धाराको प्रतिनिधित्व गर्ने साङ्गठनिक रूपमा प्रतिबद्ध सर्जकहरूको साझा मञ्चको आवश्यकतालाई मध्यनजर गर्दै २००९ सालमा राष्ट्रियस्तरबाट स्थापना भएको प्रगतिशील लेखक सङ्घको औचित्यबारे अहिले विभिन्न कोणबाट मत-अभिमत सार्वजनिक हुन थालेका छन् । मूलतः एमालेमा माओवादी केन्द्र पूर्णतः विलयन हुने लगभग पक्कापक्कीजस्तै भएपछि यो विषय झनै मुखरित हुँदै गएको हो ।

## चर्चामा वैचारिक स्खलन

प्रगतिशील लेखक सङ्घको वैचारिक स्खलनको सन्दर्भमा केही वर्षयता विभिन्न कोणबाट विषयहरू उठिरहेका छन् । प्रलेसको नीति, नेतृत्व, सङ्गठन र सङ्घर्षबारे विभिन्न आयामबाट छलफल पनि हुन सक्छन् । केही साक्ष्य हेरौँ :

**साक्ष्य** १ : पीताम्बर पोखरेल लेख्नुहुन्छ, "प्रगतिशील लेखकको परिभाषा अहिले विषयवस्तुगत प्रगतिशीलता हैन, हँसिया-हथौडा भएको झन्डाको सदस्यता र हनुमानगिरी मात्रै भएको छ । लेखन हेरेर कुन प्रगतिशील, कुन यथास्थितिवादी, कुन क्रान्तिकारी र कुन प्रतिगमनकारी छुट्याउन नसकिने भएको छ । यसको प्रमाण भनेको एमालेको सदस्यता लिएका पण्डितहरू पनि प्रगतिशीलको मार्कामा देखिने देखाउने संस्कारले पुष्टि गरेको छ ।"

**साक्ष्य** २ : धनप्रसाद सुवेदी लेख्नुहुन्छ, "सही कुरा । मेरो भागमा परेको प्रगतिशील निबन्धको इतिहास लेख्ने काम यसरी नै केलाई प्रगतिशीलता मान्ने भन्ने कुरा छुट्याउन नसकेर अलमलमा परेको छ । कम्युनिस्ट नामका कार्यकर्ताका गन्थन, पृथ्वीनारायण स्तुति र मधेसीहरूका विरुद्धको गाली प्रगतिशीलताभित्र पर्छ कि पर्दैन म अलमलमा छु । ... वामपन्थी पार्टीमा नभएका अझ काङ्ग्रेसलाई भोट हाल्नेका रचना हाम्रा वामपन्थी पार्टीका अझ प्रलेसका नेताका रचनाभन्दा बढी प्रगतिशील देखिन्छन् ।"

**साक्ष्य ३** : बलराम तिमिल्सिना लेख्नुहुन्छ, हामीले प्रगतिशील रचनाको समीक्षा गर्ने हो । प्रगतिशील भनिने व्यक्तिको जीवनी लेख्न खोजेको पक्कै होइन । निश्चित रूपमा स्रष्टा र सिर्जना अन्तर्सम्बन्धित कुरा हुन् । निमको रुखमा स्याउ फल्दैन भन्ने कुरा त हामी सबैलाई थाहै छ क्यारे ।"

उपर्युक्त साक्ष्यले प्रलेसबारे मानिसहरूले कसरी धारणा बनाइरहेका छन् भन्ने कुरा बुझ्न सकिन्छ । प्रगतिशील लेखक सङ्घ यतिबेला सङ्कट र सङ्क्रमणको घडीबाट गुज्रिरहेको छ । विभिन्न घटकीय समीकरणका आधारमा बनेको प्रलेसले मुलुकलाई अग्रगामी आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको दिशातिर देखिनेगरी पहलकदमीको न्यूनताको सबैले महसुस गरेकै छन् । राष्ट्रघात तथा दलालीकरणले चरमचुली नाघेको बेला, देशका सिमानाहरू मिचिएको बेला, दिदीबहिनीहरू अपहरित र बलात्कृत भइरहेको बेला, साम्राज्यवादी-विस्तारवादीले आ-आफ्नो स्वार्थअनुरूप नेपाललाई ध्वस्त बनाउन लागिरहेको बेला आमूल परिवर्तन चाहने स्रष्टा-द्रष्टा तथा जनताले प्रलेसको भूमिका अझ सशक्त, ओजपूर्ण र सार्थक भएको हेर्न र देख्न चाहनुलाई अन्यथा लिनुहुँदैन ।

माओले भनेजस्तै साम्राज्यवाद कागजी बाघ हुन् । बाहिर साम्राज्यवाद जति बलियो देखिए पनि आफैँभित्रका चर्को अन्तर्विरोध र विश्वका उत्पीडित जनताको निरन्तर प्रतिरोधले ऊ कमजोर बन्दै गएको छ । पुँजीवादीहरू आफ्नो सङ्कट टार्न वैज्ञानिक समाजवादको सहायता लिन थालेका छन् । अझ दलाल पुँजीवादमा देखिएको चरम सङ्कट र यसको अवश्यम्भावी पतनलाई संसारका मुक्तिकामी जनतामाझ प्रगतिशील शक्तिहरूले सशक्त ढङ्गले बुझाउन आवश्यक छ । साम्राज्यवादी उत्पीडनको भयानक जाँतोमुनि संसारका उत्पीडित जनता र राष्ट्रहरू थिचिएकै छन् । साम्राज्यवाद आर्थिक, राजनीतिक, सांस्कृतिक माध्यमबाट दुनियाँमा आफ्नो बर्चश्व र उत्पीडनलाई कायम राख्न चाहन्छ । भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवाद उसको दमनकारी बलियो हतियार हो ।

बजारतन्त्री उपभोक्तावादको जगमा खडा पुँजीवादले उत्तर-आधुनिकतावादी चिन्तनका माध्यमबाट कम्युनिस्ट विचार, दर्शन र प्रगतिवादी साहित्यका विरुद्ध तिखो प्रहार गरिरहेको छ । प्रलेसले यसका विरुद्धको सङ्घर्षलाई माथिल्लोस्तरमा उठाएको देखापर्दैन । आम जनता र क्रान्तिकारी शक्तिलाई तर्साउनका लागि दलालहरूले प्रचार गरे जस्तो साम्राज्यवाद 'अजेय' छैन । "क्रान्तिकारी परिस्थिति यति प्रतिकूल छ, क्रान्तिकारी आन्दोलन उठाउनु सम्भव नै छैन" भन्ने पराजयवादी र आत्म-समर्पणवादीहरूले गरेको प्रचार सही होइन । सबैखाले साम्राज्यवादका विरुद्ध प्रचारात्मक सङ्घर्षलाई विकसित गर्दै लग्ने, क्रान्तिको तयारी गर्ने र त्यहीअनुरूप साहित्यको सिर्जना गर्नुपर्दछ । कला-साहित्यको क्षेत्रमा साम्राज्यवाद एवम् विस्तारवाद विरोधी शक्तिहरूसित विभिन्नस्तरमा संयुक्त मोर्चा, कार्यगत एकता वा आपसी समझदारी कायम गरी तदनुरूप अगाडि बढ्ने योजनाको आवश्यकता छ ।

*प्रगतिशील लेखक सङ्घ सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद तथा प्रभुत्ववादविरोधी स्रष्टाहरुको साझा मोर्चा हो । यो नै यसको वैचारिक (मार्क्सवादी) एवम् नीतिगत (वर्गसङ्घर्ष) नाभीकीय आधार पनि हो । प्रलेसले प्रगतिशील स्रष्टाहरुलाई सङ्गठित गर्नु, उनीहरुको प्रतिभाको परिष्कारका निम्ति वातावरण निर्माण गर्नु, उनीहरुलाई प्रेरित र प्रोत्साहित गर्नु, वैचारिक रुपले माझ्नु र परिचालित गर्नु, सङ्गठनलाई बलियो बनाउनु र परिवर्तनका निम्ति सर्जकीय हस्तक्षेपसहित सङ्घर्षमा ओर्लनु आजको आवश्यकता हो । वस्तुगत अवस्था र आवश्यकताअनुसार प्रलेसले आफूलाई समृद्ध नगरे यसको औचित्यमाथि प्रश्नचिन्ह उठ्छ नै ।*

हामीले भनिरहेका छौँ- अबका परिवर्तनकारी स्रष्टाले मालेमावादलाई आत्मसात् गर्नुपर्दछ । सबैखाले संशोधनवाद र मुख्यतः दक्षिणपन्थी संशोधनवाद एवम् विसर्जनवादका विरुद्ध सशक्त रूपमा विचारधारात्मक सङ्घर्ष चलाउन प्रलेसले आँट गर्नुपर्दछ । त्यसैले इतिहासको यो कालखण्डमा आफ्नो भूमिकालाई अझ सशक्त बनाउनुपर्ने दायित्व प्रलेसको काँधमाथि छ । यो सिर्जनशील सचेत स्रष्टाहरूको साझा संस्था भएकोले कला-सिर्जनाका माध्यमबाट रूपान्तरणका निम्ति सङ्घर्ष गरिरहेका स्रष्टाहरूले उपर्युक्त सवाललाई गम्भीरतापूर्वक आत्मसात् गर्न आवश्यक छ ।

प्रलेसमा मूलतः सुधारवादी र क्रान्तिकारी धारा संलग्न छन् । मुख्य कुरा लेखकको विश्वदृष्टिकोणको प्रश्न हो । प्रगतिवादी आन्दोलनमा लेखकीय विश्वदृष्टिकोण, लेखन-निरन्तरता र प्रतिबद्धता निकै मननीय छन् । केही मानिसहरू अंशलाई हेरेर समग्रताको अवमूल्यन गर्दै प्रलेसमाथि गालीशास्त्र वर्षाइरहेका छन् । गालीशास्त्रले रूपान्तरण सम्भव छैन । वैचारिक स्खलनको चर्को मूल्य व्यहोरिएको नेपाली समाजलाई प्रलेसले कसरी वैचारिकी ढाडस देला ? यावत् प्रश्नहरू नभएका होइनन् । अहिले प्रगतिशील लेखक सङ्घमा झन्डै ७ विभिन्न राजनीतिक पार्टी र तिनसित आबद्ध लेखक-साहित्यकारहरू आबद्ध छन् । तिनका आ-आफ्नै राजनीतिक कार्यदिशा रहेका छन् । यहाँ कुनै एक घटकले भनेको जस्तो सबै कुरा भइहाल्दैन । साझा सहमति बनाउन धेरै माथापच्चिसी गर्नुपर्छ । साथै, अग्रगामी पक्षधरहरूले सत्ता-तावेदारीका विरुद्ध गरेको पहलकदमी यतिबेलाका उल्लेख्य पक्ष हुन् ।

अहिले प्रलेस 'भ्यालीवाद' भत्काएर जिल्लामा केन्द्रित हुन खोजिरहेको यतिबेला प्रलेससम्बद्ध सबैलाई एउटै हाँडीमा हालेर भुट्ने कुरा सर्वथा अमान्य छ । तथापि, कहिलेकाहीँ प्रलेस एकीकृत जनक्रान्ति, जवज, समाजवादी क्रान्ति, लोकतन्त्र, बहुलवादको झोला बोकेर चौबाटोमा टोलाएर बसेको प्रतीत हुन्छ । प्रलेसको वैचारिकता कायम गर्ने, अझ उन्नत बनाउने र आन्दोलनमा सार्थक उपस्थिति जनाउने प्रयासमा सबैको चासो हुनु आवश्यक छ । वैचारिक स्खलनको बडेमानका पहिरो गइरहेको समकालीन परिवेशमा ' प्रलेसमा वैचारिक स्खलन भयो' भयो भनेर कुर्लनुको खास अर्थ हुँदैन । त्यसरी कुर्लनेले चाहिँ 'वैचारि कस्तर मापन हुनेगरी मैले यति यति काम गरेको छु' भनेर नजिर प्रस्तुत गर्न नपर्ने हुन्छ र !

प्रलेसका संस्थापक श्यामप्रसाद शर्मा आफ्नै नेतृत्वमा स्थापना भएको प्रगतिशील लेखक सङ्घको मूल्य-मान्यतालाई लात हानेर दुईवटा बद्नाम पुरस्कार (तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रदान गरिने रु. १ लाखको महेन्द्र प्रज्ञा पुरस्कार र सीताराम साहित्यिक प्रतिष्ठानबाट प्रदान गरिने रु. १ लाख, २५ हजारको) लाई अँगालो मार्नु वैचारिक स्खलनको पराकाष्ठा थियो । भूमध्य-रेखामा उभिएर एउटा खुट्टा उत्तरीध्रुबमा र अर्को खुट्टा दक्षिणी ध्रुबमा हाल्नु प्रलेसको जीवनमा सम्भव छैन ।

## सीमारहित छैन प्रलेस

प्रगतिशील लेखक सङ्घले आफ्नो सङ्गठनात्मक जीवनमा विभिन्न उतार-चढाव झेल्दै नआएको होइन । २०५२ फागुन ९ र १० गते भएको प्रलेसको तेस्रो राष्ट्रिय सम्मेलन तत्कालीन अखिल नेपाल जनसांस्कृतिक सङ्घ (हाल अखिल नेपाल जनसांस्कृतिक महासङ्घ), इसास, रक्तिम, जनकला सिर्जना समाजसम्बद्ध लेखक-साहित्यकारहरूले बहिष्कार गरेका थिए । एमालेसम्बद्ध लेखक-साहित्यकारले एकलौटी पार्टीको भातृसङ्गठनजस्तो बनाउन खोजिएको आरोप लगाइएको थियो । यो कुरा सामान्य थिएन तर पछिल्ला चरणमा आउँदा फेरि सबै एकै ठाउँमा भएको देखिन्छ । के कारणले फेरि एकै ठाउँमा आइएको हो वा के-के कुरामा सहमति भएको वा के हो ? त्यो कुरा अहिलेसम्म अग्रजहरूले त्यति स्पष्ट पारेका छैनन् तर पनि, यस किसिमका साझा मोर्चाको आवश्यकता सबैले महसुस गरिरहेकै छन् । आफ्नो पार्टी, आफ्नो सङ्गठन राम्रोसित चलाउन नसक्ने अनि त्यसको पीडा प्रलेसमाथि पोख्ने कुरा सही हुँदैन । आफ्नै सङ्गठनमा त आफूले सोचेको जस्तो हुँदैन भने साझा मोर्चामा हुबहु आफूले सोचेको जस्तो खोज्नु मनासिब हुँदैन ।

वैज्ञानिक साङ्गठनिक एवम् आर्थिक व्यवस्थापन अनि स्पष्ट कार्यदिशाले प्रलेसको जीवन गतिशील र उपलब्धिमूलक हुनेछ । वैचारिक स्पष्टता यसको अर्को अनिवार्य शर्त हो । सम्पूर्ण परिवर्तनकामी स्रष्टालाई सङ्गठित गर्न अब प्रलेसको नयाँ कार्यदिशा हुनुपर्दछ । साझा मोर्चाका रूपमा रहेको प्रलेसले सम्बन्धित घटकबाट आवश्यक महत्वबोध गराउन पनि सकेको पाइँदैन । प्रगतिशील साहित्यिक आन्दोलनमा समाविष्ट प्रतिभाको विशाल पङ्क्तिलाई विचारधारात्मक रूपमा प्रशिक्षित गराउनु प्रलेसको मुख्य दायित्व हो ।

स्रष्टामा विश्वदृष्टिकोणमै गम्भीर समस्या हुनु खतरानाक कुरा हो । प्रतिबद्धता र आदर्शअनुरूपको सार्थक रचनाकर्मका निम्ति विचारधारात्मक स्पष्टता आवश्यक हुन्छ । यो स्पष्टता प्रतिध्रुबसँग विचारधारात्मक सङ्घर्षका निम्ति झनै आवश्यक छ । कलालाई श्रमसँग जोड्नु, गतिशील यथार्थको कलात्मक पुनःसिर्जन र सोद्देश्यतामा कलाको सौन्दर्य देख्नु, सबैप्रकारका उत्पीडनका विरुद्ध उभिनु, मानवद्वेषी विचार र कुरूप संस्कृतिका विरुद्ध खडा हुनु, सामाजिक न्याय, समानता र स्वतन्त्रताको पक्षमा आफूलाई दृढतापूर्वक उभ्याउनु, सामन्तवाद, साम्राज्यवाद, विस्तारवादलगायत सबैखाले प्रभुत्ववादका विरुद्ध खडा हुँदै राष्ट्रिय स्वाधीनताका निम्ति सङ्घर्षरत रहनु परिवर्तनकामी स्रष्टाहरूको दायित्व हो । प्रलेसलाई सबै भाषा, सबै प्रगतिशील स्रष्टाहरूसित जोड्न आवश्यक छ । सामाजिक-सांस्कृतिक रूपान्तरणको उद्देश्य बोकेका स्रष्टाहरू सर्वप्रथम आफैँ रूपान्तरित हुनुपर्दछ । आत्मसङ्घर्ष, अन्तर्सङ्घर्ष र वर्गसङ्घर्ष रूपान्तरणका मूल पक्ष हुन् ।

'काम कुरा एकातिर, कुम्लो बोकी ठिमीतिर' गर्ने हो भने अलग्गै कुरा हो, होइन भने नेपालमा प्रलेसको औचित्य अझै बाँकी छ । औचित्य छैन भन्ने हो भने स्पष्ट विकल्पसहित हामीले तुरुन्त कार्यालय बन्द गरेर हिंड्नु उपयुक्त हुन्छ । औचित्य छैन पनि भन्दै गर्ने अनि त्यसमा घिस्रिरहने कुरा उपयुक्त हुँदैन । नत्र यो त 'अँध्यारो कोठामा लुकेर चूक खाने अनि उज्यालोमा आएर डकार्ने' कुरा जस्तो हुन्छ । यसको स्थापनाकालदेखिकै गतिविधि एकपटक समीक्षा गरौँ त, सबै कुरा छर्लङ्ग भइहाल्छ । ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी विश्वदृटिकोणलाई व्यवहारमा ठीक ढङ्गले पकड्न नसक्नु र तदनुसार प्रतिबद्धता र स्पष्टता नहुनुजस्ता मूलभूत समस्या प्रलेसमा नभएका होइनन् ।

प्रगतिशील साहित्यिक आन्दोलन प्रतिध्रुबसँग कुरामा सङ्घर्षको गर्ने, व्यवहारमा तिनैसित घाँटी जोड्ने कुरा हामीलाई अमान्य छ । नेपालमा सांस्कृतिक सामन्तवाद जीवितै रहेको र भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवादको आक्रमण तीव्र भएको यतिबेला हामीले उत्तर-आधुनिकतावादी कोकोहोलो कम्युनिस्ट विचार, दर्शन र प्रगतिवादी साहित्यका विरुद्ध खडा भएको कुरा राम्ररी नै बुझेका छौँ । यसका विरुद्ध विचारधारात्मक सङ्घर्ष र सिर्जनात्मक हस्तक्षेपलाई बढाउनुको कुनै विकल्प छैन ।

प्रलेसले आफ्नो पक्षधरताको ख्याल गर्नैपर्दछ । प्रगतिशील लेखक सङ्घ मार्क्सवादी सङ्गठन हो । शब्द र कर्मको एकत्व कायम गर्दै सबैखाले अन्यायपूर्ण युद्धका विरुद्ध उभिनुपर्दछ । प्रलेसले वैज्ञानिक समाजवादी राज्यसत्ता प्राप्तिको दिशा लिनुपर्दछ र यसले माओको येनान प्रवचनको स्पिरिटलाई पकड्नुपर्दछ भन्ने कुरामा हामीलाई कुनै द्विविधा छैन ।

## निरुपण

प्रगतिशील लेखक सङ्घ सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद तथा प्रभुत्ववादविरोधी स्रष्टाहरूको साझा मोर्चा हो । यो नै यसको वैचारिक (मार्क्सवादी) एवम् नीतिगत (वर्गसङ्घर्ष) नाभीकीय आधार पनि हो । प्रलेसले प्रगतिशील स्रष्टाहरूलाई सङ्गठित गर्नु, उनीहरूको प्रतिभाको परिष्कारका निम्ति वातावरण निर्माण गर्नु, उनीहरूलाई प्रेरित र प्रोत्साहित गर्नु, वैचारिक रूपले माझ्नु र परिचालित गर्नु, सङ्गठनलाई बलियो बनाउनु र परिवर्तनका निम्ति सर्जकीय हस्तक्षेपसहित सङ्घर्षमा ओर्लनु आजको आवश्यकता हो । वस्तुगत अवस्था र आवश्यकताअनुसार प्रलेसले आफूलाई समृद्ध नगरे यसको औचित्यमाथि प्रश्नचिन्ह उठ्छ नै । सिङ्गो राष्ट्र, राष्ट्रियता, क्रान्तिकारी कम्युनिस्ट आन्दोलन तथा त्यससम्बद्ध साहित्यिक-सांस्कृतिक विरासतमाथि चौतर्फी हमला भइरहेको यतिबेला प्रलेसले कमान्डरीय भूमिका खेल्न नसकेको कुरा सही हो ।

नेपोलियनले भनेका छन्, "मृत्यु केही होइन तर पराजित र अपमानित हुनुचाहिँ दिन-दिनैको मृत्यु हो ।" हामी पराजित र अपमानित मृत्यु चाहँदैनौँ । हामी गौरवशाली इतिहास खोजिरहेका छौँ । नलेखिएका, लुकाइएका, छोपिएका, मेटिएका इतिहासको खोजी गरिरहेका छौँ ताकि लक्ष्यभेदन गर्न सकियोस् । चर्चित लेखिका महाश्वेतादेवीले भनेजस्तै प्रत्येक अक्षर-अक्षर र शब्द-शब्दका बीचमा रहेको खाली ठाउँमा महान् इतिहास लुकेको हुन्छ । विचार, वर्गसङ्घर्ष, इतिहास, विगत र आगत, ऊर्ध्वगामिता त्यसैमा प्राप्त हुनेछ । प्रलेसको वैचारिक विरासत त्यही त्यतै कतै खोजौँ । सडकमा धारेहात लगाएर सराप्दैमा प्रलेसको वैचारिक स्खलन रोकिँदैन । माछा खान मन हुनेसित माछा पाल्ने सीप र क्षमता हुनुपर्छ । नदी पार गर्नेले पौडने आँट गर्नैपर्दछ, नदीमा हाम फाल्नैपर्दछ । आफू केही नगर्ने, मात्र गालीशास्त्रलाई सिरानीमा हालेर केही हुँदैन । अन्तिम सही कुराचाहिँ यो हो कि प्रतिक्रियावादी-दलाल शासक र सत्ताको तावेदारी प्रलेसको चरित्र होइन । सत्ता-शासकीय तावेदारी चरित्र रहिरहे प्रलेसको विघटन अवश्यम्भावी छ ।

कविता

## भन, कसरी भएँ म अयोग्य ?

■ बालकृष्ण ढुङ्गेल



तिमीले
गोडाफाट भन्यौ मैले गोडा फाटेँ
सतर्क भन्यौ म सतर्क बनेँ
अगाडि बढ भन्यौ, म अगाडि बढेँ
पछाडि हट भन्यौ म पछाडि हटेँ
सर्टिफिकेट फाल भन्यौ मैले फालेँ
दस्ताबेज पढ भन्यौ मैले पढेँ
इतिहास पढ भन्यौ मैले पढेँ
समाज पढ भन्यौ मैले पढेँ
अरू कति कुराहरू तिमीले नभन्दा पनि पढेँ ।
तिमीले बन्दुक बोक भन्यौ मैले बोकेँ
कैयौँ क्विन्टल भारी पनि बोकेँ
सहयोद्धाका अमर शरीर बोकेँ
घाइते शरीर बोकेँ
रक्तिम सन्देश बोकेँ
बोक्न त आजादहरूका प्यार पनि बोकेँ
जल्लादहरूका काला कर्तुत पनि बोकेँ ।
घर भनिएन
सम्पत्ति भनिएन
बा आमा भनिएन
प्रियसी भनिएन
पढाइ भनिएन
केवल भनियो त परिवर्तन
हिँडियो त मृत्युलाई हत्केलामा राखेर
भत्काइयो दुश्मनको जिल्ला
बनाइयो आफ्नै लाल किल्ला
जलाइयो बुर्जुवा किताबका पाना पाना
बनाइयो सामन्तीलाई निशाना ।
तिमीसँग आदेश दिन सक्ने क्षमता थियो
मसँग पनि त तिम्रो आदेश मान्ने क्षमता थियो ।
मैले आदेश पालना गरेकै हुँ
आफ्नो कर्तव्य निभाएकै हुँ
भोक भोकै लडेकै हुँ ।
त्यतिबेला
मेरो अपाङ्ग शरीर पनि तिम्रो लागि अमूल्य थियो
किनकि म भाँच्चिएको हात लिएर
बन्दुक चलाउन सक्थेँ
खुट्टामा गोलीका डल्ला बोकेर
अहोरात्र लड्न सक्थेँ ।
तिमीले बन्दुक रोक भन्ने बेलासम्म पनि
म तिम्रो लागि प्रिय नै थिएँ
किनकि म तिम्रा लागि सुरक्षा दिन सक्थेँ
तिमीलाई हर-क्षण पहरा दिन सक्थेँ ।
तर जब तिमी
हामी बस्ने परालको गुन्द्री छाडेर
राता कार्पेटमा बस्न थाल्यौ
अनि बिस्तारै मेरो मूल्य तोकिन थाल्यो ।
जब मूल्य तोकियो
मजस्तै हजारौँलाई हाटबजारमा राखियो
तिमीले पठाएका
कैयौँ ग्राहकहरू आए
अङ्ग अङ्ग जाँचे ।
खुट्टामा गोली बोकेको म
भाँच्चिएको हात भएको म
अयोग्य बनेँ ।
कमरेड !
कुनै बेला त्यही भाँच्चिएको मेरो
हात तिम्रा लागि प्यारो थियो होइन ?
गोली लागेको मेरो खुट्टा
तिम्रा लागि तन्दुरुस्त थियो होइन ?
म अमूल्य थिएँ होइन ?
म योग्य नै थिएँ होइन ?
तर म आज कसरी अयोग्य भएँ ?
तिमीले भनेको मोर्चा सम्हालेकै हुँ
दुश्मनको किल्ला तोडेकै हुँ
तिमीलाई गुन्द्रीबाट रातो कार्पेटसम्म पुऱ्याएकै हुँ
के त्यहाँ पुऱ्याउनु मेरो गल्ती थियो ?
मेरो अयोग्यताको कारण तिमी त्यहाँ पुगेका हौ ?
तिमीले त मेरो योगदानको मापन हुन्छ भन्थ्यौ
तर मेरो चोटग्रस्त शरीर नापियो
मेरो शरीरको उचाइ नापियो
मेरो शरीरको तौल नापियो
तर
खै त तिम्रो उचाइ नापिएको ?
खै त तिम्रो तौल नापिएको ?
खै त तिम्रो योग्यता नापिएको ?

केही पनि मापन गर्नै नपर्ने तिमी योग्य
तिमीलाई योग्य बनाउन
शरीरमा गोली बोक्ने म अयोग्य ?
भन, कसरी भएँ म अयोग्य ?!

## नेकपाले देशव्यापी ...

शासकहरूको त्यसप्रकारको दलाल र जनविरोधी भूमिकालाई हामीले सामाजिक दलाल पुँजीवाद भनेका छौँ। चुनावको समयमा भन्दा क्रमशः रापताप हराउँदै गएको एमाले गठबन्धनले जनघात, राष्ट्रघात र जनदमन बढाउने देखिएको छ। संसदीय व्यवस्थाको सत्ताचरित्रका कारण देशमा सामान्य सुधार पनि हुने सम्भावना देखिँदैन। नेपालको प्राकृतिक स्रोत र श्रमशक्ति दोहन गर्ने र तिनका विरुद्ध नेपालीभूमि प्रयोग गर्ने साम्राज्यवाद (नेपालको सन्दर्भमा मूलतः भारतीय साम्राज्यवाद) रणनीति देखिन्छ। भारतको त्यही स्वार्थ पूरा गर्ने र त्यसप्रकारको दलाली गरेर कठपुतली सत्ता संचालन गर्ने शासकको कारण नेपालमा राजनीतिक, आर्थिक, सांस्कृतिक समस्या भएको छ। जनअपेक्षाका विपरीत सामाजिक दलाल पुँजीवादी नेतृत्वको सरकारले समस्या घटाउने हैन, झन् चर्काउने निश्चित छ। त्यसकारण नेकपाले माघ १५ देखि तीनमहिने 'देशव्यापी जनजागरण तथा भण्डाफोर अभियान' चलाउने भएको छ। नेकपाले मेचीदेखि महाकालीका सबै भू-भागमा जागरण अभियान चलाउने भएको छ। उसले प्रचण्ड-बाबुरामको नेतृत्वमा विचलित पार्न खोजिएको माओवादीधारालाई अभियानको क्रममा वैचारिक रूपले सुदृढ गर्न, जनमत बनाउन प्रयत्न गर्ने जनाएको छ। यस अभियानको क्रममा उसले क्रान्तिकारी तथा देशभक्त जनसमुदायका बीचमा ध्रुवीकरणको अभियानलाई पनि तीव्र पार्नेछ। अभियानको क्रममा संसदीय प्रणाली मूलतः उसकै शब्दमा सामाजिक दलाल पुँजीवादको भण्डाफोर गर्नेछ। कम्युनिस्ट र वामपन्थीको नाममा जनचेतना, पहलकदमी तथा सचेतनपक्षलाई कमजोर बनाउने र त्यही मौकामा भयानक राष्ट्रघात र जनदमन गर्ने सम्भावनाका विरुद्ध त्यसको खतरा जन्मनुअगावै जनतालाई ब्युँझाउने अभियान नेकपाले संचालन गर्ने भएको छ। नेकपाले अभियानको क्रममा वैचारिक र राजनीतिक चेतनालाई तीव्र पार्नेछ। जनयुद्धको विरुद्ध प्रचण्ड-बाबुरामले भयानक धोका दिंदासमेत समयमै नियन्त्रण गर्न नसकेका कारणको खोजी र सामाजिक चेतना नै प्रतिक्रान्तिका विरुद्ध कसरी उठाउने भन्ने प्रश्नमा ध्यान केन्द्रित गर्ने भएको छ। चुनावलगत्तै पेट्रोलियम पदार्थ, खाद्यान्न तथा अन्य उपभोग्यवस्तुको मूल्यवृद्धि आकासिएको छ। प्रचण्डले चुनावी खर्च ९ लाख गरेको दाबी गरेको बेला जनताले एक अर्ब खर्च गरेको आरोप लगाएका छन्। सबै चुनावी नेताको स्थिति त्योभन्दा पृथक छैन। चुनावमा उम्मेदवारहरूले नक्कली मुद्रा बाँडेको कारण मुद्रास्फिति र आर्थिक संकट गहिरिँदै गएको छ। स्थानीय निकायका प्रतिनिधिले चुनाव खर्च उठाउन भ्रष्टाचार तीव्र पारेको सूचनाहरू आइरहेका छन्। स्थानीय निकायले लोकतन्त्र, लोककल्याण र राहतबिनाको थेग्नै नसक्ने अकल्पनीय कर थोपरेका छन्। त्यसका विरुद्ध नेकपाले पाँचलाखभन्दा साना ऋणीको ब्याज मिनाहा गर्नुपर्ने, सुकुमबासीलाई गाँस, बास र रोजगारीको व्यवस्था नगरी थातथलोबाट उठाउन नपाउनेजस्ता मागहरूसहित राज्यपक्षलाई दबाब दिन तीनमहिने अभियान प्रभावकारी बनाउने भएको छ।

## सुमार्गी र सिरोहिया ...

तिमीलाई दुई करोडमा हाईज्याक गरेको छु भने मैले त्यो कुरा बुझिनँ। भोलिपल्ट पत्रिकामा मेराविरुद्धको समाचार छापियो। यदि मैले दुई करोड रूपैयाँ दिएको भए त्यो समाचार छापिने थिएन।'

सुमार्गीले कुनै पनि व्यवसाय गर्दा कान्तिपुरलाई नजरना चढाएर मात्र व्यवसाय गर्न पाइने खराब नजिर बसेको भन्दै सिरोहियाको कोपभाजनमा परेका कतिपय व्यवसायीहरू तैं चुप मैं चुपको अवस्थामा रहेको पनि बताए। अजय सुमार्गी र कैलास सिहोहियाबीचको विवाद उत्कर्षमा पुगेसँगै पूर्व राजा ज्ञानेन्द्र शाह, एमाओवादी अध्यक्ष प्रचण्ड, पूर्व आईजीपी उपेन्द्रकान्त अर्याललगायतका अन्य हाईप्रोफाइलका व्यक्ति पनि विवादमा तानिने देखिएको छ।

## उच्च आकाङ्छा ...

थियो। समाजवादको विकास र विस्तारको त कल्पनै नगरौँ। हिटलरको सोभियत रुसबाट पराजय शृङ्खला अघि नबढेको भए नेपोलियन बोनापार्टजस्तै अर्को महाअहङ्कारी र रक्तपिपासु व्यक्तिले विश्वसत्ता कब्जा गर्ने र लामो समयसम्म एकछत्र निरंकुशता लादिरहने खतरा थियो तर स्टालिनको सुझबुझपूर्ण कार्यक्रम र लेनिनवादी कार्यदिशाले नाजीवादलाई ध्वस्त पाऱ्यो र रुँदै जर्मनी फर्किन बाध्य पाऱ्यो। हिटलरी नाजीवादले सोभियत रुसमा स्थापित समाजवाद ध्वस्त पारेर प्रतिक्रान्ति लाद्ने, कम्युनिस्टविरुद्ध धावा बोल्ने र सबै स्रोत र सम्पत्ति कब्जा गरेर इतिहासको पाङ्ग्रा नै उल्टातिर घुमाउने अभियान आरम्भ गरेको थियो। स्टालिनले उसका ती सबै योजना र षड्यन्त्रहरु विफल पारिदिनुभयो। फलस्वरुप समाजवादको लहर विश्वमै उर्लियो। स्टालिनले साम्राज्यवादविरुद्ध डटेर गरेको संघर्ष, नाजीवादलाई चकनाचर पारेको घटना र समाजवादभित्र छिरेका कीराहरुमाथि गर्नुभएको कारबाहीलाई जनताका वैरीहरुले 'क्रूर' अपव्याख्या गरे। उनीहरुले रुसको समाजवाद ढाल्न र विश्वभर आएको समाजवादको लहर रोक्न समाजवादमाथि नै हिलो छ्याप्ने र दुष्प्रचार गर्ने गोयबल्सशैली प्रयोग गरे। गोयबल्स त्यही नाजीवादी हिटलरको सञ्चारमन्त्री थियो। झूट कुरालाई पनि सयपल्ट सत्यजस्तै गरी दोहोऱ्याएपछि त्यो सत्य ठहरिन्छ भन्ने सिद्धान्त थियो गोयबल्सको। हिटलरी अभियान नै ध्वस्त भएपछि संसारभरका हिटलरपूजकहरु र गोयबल्सहरु स्टालिनमाथि खनिनु स्वाभाविक थियो। त्यसैले हिटलरका पक्षपोषकहरुले, साम्राज्यवादका अगुवा र अनुयायीहरुले स्टालिनको निधनपछि रुसमा धावा बोले र आफ्ना पक्षमा ख्रुस्चेब र ब्रेजनेभहरु त्यार पारे। ख्रुस्चेबले सर्वहारावर्गको कम्युनिस्ट पार्टीलाई सम्पूर्ण जनताको पार्टी, सर्वहारा अधिनायकत्वको राज्यलाई सम्पूर्ण जनताको राज्य, वर्गसंघर्षलाई शान्तिपूर्ण संक्रमण भन्दै संशोधनवादको बीजरोपण गऱ्यो। बोल्सेबिक (क्रान्तिकारी) स्पिरिटमा अघि बढिरहेको पार्टीलाई ग्लास्तनोस्त र पेरेस्त्रोइका नामका सुधारवादी कार्यक्रमले ब्रेक लगाइयो।यो सबै साम्राज्यवादी निर्देशनमा गरिएको थियो। लेनिनको नाउँ जप्दै स्टालिनका योगदानहरुलाई ध्वंस गर्ने षड्यन्त्र गरियो। लेनिनवादको विकास र रक्ष ागर्ने स्टालिनका विचारहरुलाई समाप्त पार्दै लगेपछि लेनिनवादमाथि पनि आक्रमण हुन थाल्यो। फलतः समाजवादमा प्रतिक्रान्ति भयो। पुँजीवाद हाबी भयो। साम्राज्यवादले राम्ररी खेल्यो र ऊ सफल भयो। रुसी जनतालाई फेरि एकपटक प्रतिक्रान्तिले नराम्ररी गाँज्यो। समाजवादभित्र साम्राज्यवादी कीटाणु छिर्नु भनेको समानतामूलक समाजलाई भताभुंग पार्नु हुन्थ्यो, विकास र समृद्धिको गतिलाई रोक्नु हुन्थ्यो, समाजवादी लहरको रथका पाङ्ग्रा जबर्जस्ती बन्द गर्नु हुन्थ्यो, मानिसमा विकसित वैजानिक समाजवादी चेतनालाई उल्टो दिशातिर घुमाउनु हुन्थ्यो। अन्ततः समाजवादका विरुद्ध न्वारानदेखिको बल लगाएर साम, दाम, दण्ड, भेद सबै नीति लिएर लडिरहेका साम्राज्यवादीहरु एकपटक फेरि सफल भए। श्रमिक जनताले क्षणिक रुपमा भए पनि हार स्वीकार गर्नुपर्ने स्थिति उत्पन्न भयो। समाजवादलाई सीधै खराब भन्ने हैसियत उनीहरुको थिएन। त्यसैले उनीहरुले कमरेड स्टालिनका कामकारबाहीमाथि प्रहार गरे। मार्क्सका विचारहरु लागू गरेर नयाँ कार्यदिशा विकास गर्ने र समाजवाद स्थापना गर्ने लेनिनका योगदानहरुलाई लेनिनवादका रुपमा प्रस्तावित र पारित गर्ने स्टालिनमाथि प्रहार गर्नु भनेकै मार्क्सवा-लेनिनवादमाथि प्रहार गर्नु थियो। यसमा उनीहरु क्षणिक रुपमा मात्र भए पनि विजयी भए।

## भारतद्वारा ...

पेसीमा चढेको मुद्दामा दुईपटकभन्दा बढी मौलत दिन नपाइने सर्वोच्च अदालतको नेपाल राजपत्र माग (३) मिति २०६३ साल असोज १२ गते प्रकाशित नियम कानुनको ठाडै उल्लंघन गरी एक जालसाजी, किर्ते मुद्दामा १८ पटकसम्म मौलत दिइएको प्रमाण फेला परेको छ। पर्सा जिल्ला अदालत र उच्च अदालत वीरगंजमा वकिलहरूको अनुचित दबाबको कारण न्यायाधीशहरूले बाध्य भएर नीति निर्देशन, नियम, कानुन र विवेकसमेत मिचेर बाध्य भएर पेशी मुद्दामा १३ पटक, १८ पटक मौलत दिनुपरिरहेको छ।

राम संकल हजरा, विन्धवासिनी, पर्साको किर्ते जालसाजी मुद्दामा १५ पटक र चोर्नी पर्साका दिनेश राउत थारुको मुद्दाले १३ पटक मौलत पाइसकेको छ। कालोकोट लगाएका कानुन व्यवसायीहरूबाट न्यायाधीशहरू किन थर थर काँपिरहेका छन् भनेर पीडित न्यायप्रेमी पर्सावासीले एक स्वरले आवाज उठाइरहेका छन्।

खण्ड ६६ संख्या ३२ नेपाल राजपत्र भाग ३ मिति २०७३/६/१२ मा उप नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुद्दा पेस भएको दिनको इजलास बस्नुभन्दा पहिले आफ्नो काबुभन्दा बाहिरको परिस्थितिले गर्दा अदालतमा उपस्थित हुन नसक्ने कुराको अदालतलाई विश्वास हुने कुनै कारण देखाइ मुद्दाको पक्ष वा कानुन व्यवसायीले निवेदन पत्र दिएमा अवस्थाअनुसार मुख्य न्यायाधीश वा मुख्य भई काम गर्ने न्यायाधीश वा सम्बन्धित इजलासले मुद्दाको एक पक्षको लागि बढीमा दुई पटकसम्म मुद्दाको सुनुवाइ स्थगित गर्न सक्नेछ। सोबाहेक साप्ताहिक वा दैनिक मुद्दा पेसी सूचीमा चढेको कुनै मुद्दा सा सूचीबाट हटाइने वा स्थगित गरिनेछैन।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्राथमिकता प्राप्त मुद्दा, एक पक्षको एकभन्दा बढी कानुन व्यवसायी रहेको मुद्दा, हेर्दाहेर्दैको मुद्दा, दुईपटक स्थगित भइसकेको मुद्दा र प्रचलित कानुन बमोजिम मुद्दा फैसला गर्नुपर्ने समयावधि नाघेका मुद्दाको सुनुवाइ स्थगित हुन सक्नेछैन। आफ्नो पक्षमा अन्तरिम आदेश भएको मुद्दा र विपक्षीले अग्राधिकार पाएको मुद्दाको सुनुवाइको लागि तोकिएको पेसी स्थगित हुने छैन, उल्लेख छ। न्यायालयमा कानुनले यो-यो कुरा गर्न पाइँदैन भनी कानुनमा उल्लेखित कुरा व्यवहारमा उल्लंघन भएपछि न्यायलयप्रति जनताको आस्था कस्तो होला भन्ने प्रश्न उठेको छ।

पर्सा जिल्ला अदालतमा किर्ते जालसाजी कार्य अति हुन्छ। पर्सा जिल्ला अदालतमा किर्ते जालसाजी मुद्दा पनि बढी पर्ने गरेको छ। २ लाख ऋण लिनेसँग ५ लाखको तमसुक गराइन्छ। ५ लाख ऋण लिएर २० लाख बुझाउनुपरेको अनेकौं उदाहरण छन्।

## प्रस्ताव अप्रिल थेसिस ...

दिएर ५ वर्ष सरकार चलाउन, राष्ट्रपतिसमेत लैजान प्रचण्डलाई प्रस्ताव गरेको छ। यो प्रस्ताव कांग्रेसको भन्दा भारत र अमेरिकाको हो। संक्षिप्तमा भन्दा प्रस्तावले वस्तुसंगत, समीक्षा, वैज्ञानिक विश्लेषण र भविष्यको पाटो प्रष्ट पारेको छ।

(नेकपाको छैठौं पूर्ण बैठकमा व्यक्त विचारको सम्पादित अंश। शीर्षक हामीले दिएका हौं- सम्पादक।)

## चीन–भारतबीच ...

विदेश मन्त्रालयका प्रवक्ताले एक वर्षयता लगातार दुई देशबीचको सम्बन्धमा उथलपुथल आएको बताएका छन्। यसैबीच भारतका एक सैनिक जनरलले चीन आफूलाई सैन्यदृष्टिले शक्ति सम्पन्न राष्ट भएको बताए पनि भारत पनि कमजोर नभएको प्रतिक्रिया दिएका छन्। सैन्ययुद्धको लागि आफू पनि तयार भएको अर्थ लाग्ने किसिमको प्रतिक्रिया दिएपछि दुई देशबीचको सम्बन्धलाई लिएर चिन्ता व्यक्त गरिएका छन्।

हामीकहाँ पशुपंक्षीको स्वास्थ्य परीक्षण, रोग पहिचान र औषधी उपचार गरिनुका साथै कुखुराको दाना सुपथ मूल्यमा उपलब्ध गराइन्छ।

प्रो. डा. शेरबहादुर थापा
जनसेवा भेटेरीनरी क्लिनिक
भीरकोट नगरपालिका-१, बयरघारी, स्याङ्जा
सम्पर्क नं. ९८२४१४२४३०

# कछुवा गतिमा पुनर्निर्माण कार्य

■ रातो खबर संवाददाता/

१९९० सालको महाभूकम्पको सम्झनामा प्रत्येक वर्ष माघ २ गते भूकम्प सुरक्षा दिवस मनाउने गरिन्छ। यो वर्ष पनि भूकम्प सुरक्षा दिवसको अवसरमा मंगलबार औपचारिक कार्यक्रमहरू गरिए। हरेक वर्ष यो दिवसको दिन भूकम्प, पूर्व तयारी, उद्धार, राहत तथा पुनर्निर्माणको बारेमा जनचेतना फैलाउन सरकारी तथा गैर-सरकारी निकायले विभिन्न कार्यक्रम गर्दछन्। तर २०७२ साल वैशाख १२ र २९ गतेको भूकम्पले गराएको क्षतिपछि थालिएको पुनर्निर्माणको विषयमा करोडौंको चलखेल हुनुका साथै, पुनर्निर्माण कार्य अलपत्र परेको छ। भूकम्प गएको दुई वर्ष बितिसक्दा पनि एउटा पनि पुनर्निर्माणको काम सम्पन्न भएको देखिँदैन। पुनर्निर्माण कार्यलाई गति दिने भन्दै गठन गरिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण पनि ओइलाएर बसेको छ। पुनर्निर्माणको विषयमा राज्य उदासीन भएको, व्याप्त भ्रष्टाचार भएको र भूकम्प पीडितको राहतमाथि समेत राजनीति गरिएको व्यापक जनगुनासो छन्। सरकारले दिने भनेको अनुदान रकम पनि सबै पीडितहरूको हातसम्म पुगेको छैन। त्यस्तै, अन्तर्राष्ट्रिय महत्वका संरचनासमेत अलपत्र अवस्थामा छन्। काठमाडौंकै मुटुमा रहेको रानीपोखरीको अवस्था पनि बिजोगलाग्दो छ भने तीन वर्ष पुग्नै लाग्दा समेत धरहराको निर्माण कार्य सुरु भएको छैन। दुई वर्षअघि राष्ट्रपतिले सिलान्यास गरेको रानीपोखरीमा निर्माण कार्य अलपत्र परेको छ तर राज्यकोषको चार करोड सकिसकेको छ। रानीपोखरी पुनर्निर्माणको विषयलाई लिएर काठमाडौं महानगरपालिकाका प्रमुख र उपप्रमुखबीच नै विवाद उत्पन्न भयो। यस्तै अन्य ठाउँका पुरातात्विक महत्वका विश्व सम्पदा सूचीमा सूचीकृत काष्ठमण्डप, रातो मछिन्द्रनाथलगायत सम्पदाहरूको पनि निर्माणकार्य अघि बढेको छैन। पुनर्निर्माण कार्यमा सरोकारवालाको लापरवाही, राजनीतिक र आर्थिक चलखेल हुनुले निर्माण कार्यले गति लिन सकेको छैन।

## चर्चमा धमाधम ...

माओकै शैलीमा चीनमा चर्चहरू भत्काउन सुरु गरेका विश्लेषणहरू हुने गरेका छन्। तर, एउटा चिनियाँ सरकारी मुखपत्र ग्लोबल टाइम्सले भने गैरकानुनी घरहरू भत्काउने क्रममा चर्चहरू पनि भत्काउनुपरेको बताएको छ।

## इन्जिनियरिङ कलेजको ...

गरी संचालन गरिएको उक्त कलेजले अहिले वार्षिक ७ करोडभन्दा बढी नाफा कमाइरहेको छ। तर त्यो रकम कलेजको शैक्षिक कार्यक्रममा लगानी हुँदैन र संचालकहरूले बाँडेर खाने गरेका गर्दछन्।

कलेजका संस्थापक सदस्यसमेत रहेका संचालक लम्बोदर न्यौपानेले कलेजलाई सामाजिक संस्थाबाट निजी हुनेगरी आफ्नो नाममा प्रालिमा दर्ता गरेपछि उक्त कलेजको आर्थिक हिनामिना भएको छ र हिसाब पारदर्शी छैन। यसरी आर्थिक हिनामिना हुन थालेपछि त्यसप्रति चिन्ता व्यक्त गर्दै कजेलका संचालक एवं संस्थापक प्रिन्सिपलसमेत रहेका दिपक भटराईले सामाजिक संस्था कलेजबाट प्राप्त भएको नाफालाई निजी तवरले प्रयोग गर्नु गलत भएको बताएका छन्। गतसाता रातो खबर साप्ताहिकलाई अन्तर्वार्ता दिँदै भट्टराईले संचालक समितिका सदस्यहरूले कलेजबाट खाएको रकम फिर्ता गर्न मागसमेत गरेका छन्।

त्रिभुवन विश्वविद्यालय र पछि पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरेको कलेजका अन्य संचालकहरूमा रामरत्न उपाध्याय, लवराज भट्टराई, उपेन्द्र गौतम, हरिप्रसाद पाण्डे, सूर्यबहादुर केसी, सोमप्रसाद मिश्र, लम्बोदर न्यौपाने, सलिल भट्टराईलगायत १० जना रहेका छन्।

"Hands up for #HIVprevention"
हामी सबैको काम एचआइभीको रोकथाम
एचआइभी र एड्स सम्बन्धी विस्तृत जानकारीको लागि सम्पर्क राख्नुहोस्।
नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र
फोन : ०१-४२६१६५३
web: www.ncasc.gov.np

उपभोक्ता वर्गमा अनुरोध

१. कारोबार स्थलमा साईनबोर्ड, मूल्यसुचि भए नभएको हेरौं साथै प्याकिङ्मा अधिकतम खुद्रा मुल्य :चए भए नभएको हेरौं।
२. प्याकिङ सामानमा लेवल उत्पादकको नाम, ठेगाना र वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति, उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं।
३. उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं।
४. वस्तु उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ, भण्डार विधि, उपयोग गर्ने तरिका छ/छैन हरौं।
५. औषधि तथा औषधिजन्य पदार्थहरूको प्याकिङ्मा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेरौं।
६. सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो। वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रूपमा प्यान वा भ्याट बिल लिने गरौं।
७. अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएको पाइएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा यस विभागमा उजुरी गरौं।

नेपाल सरकार
आपूर्ति मन्त्रालय
आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग
भद्रकालीप्लाजा, काठमाडौं



नियमित

# सहिद स्मृति आवासीय मावि


चन्द्रबहादुर नेपाली

ज्ञान पदार्थको सबभन्दा सुसंगठित र सुन्दर उपज हो । ज्ञान व्यवहारबाट बिम्ब निस्कन्छ, पुनः व्यवहारमा जान र अघि बढ्न यसले बाटो देखाउँछ । मानिसले आफ्नो समाज र प्रकृतिसँगको अटुट व्यवहारद्वारा प्राप्त अनुभवको निचोडलाई शिक्षा भन्दछन् । किताबबाट किताबसम्मको ज्ञानको सट्टा ज्ञान र व्यवहारको द्वन्द्ववादी सिद्धान्तलाई कार्यान्वयन गर्न गराउन सिकाउनु शिक्षाको उद्देश्य हुनुपर्छ ।

शिक्षा भनेको अक्षर मात्रै चिन्नु होइन, नयाँ कुरा सोच्नु र गर्न सक्ने बनाउनु हो । शिक्षाले प्रत्येक व्यक्तिमा प्रतिभा र क्षमताको प्रस्फुटन गरी बाहिर ल्याउने काम गर्दछ । विद्यालयले किताबको थोक ज्ञान खुद्रा रूपमा बेच्ने काम मात्रै गर्ने होइन । समाजलाई चाहिने दक्ष र सीपमूलक जनशक्ति निर्माण गर्ने र त्यस्तो जनशक्तिको दक्षता र सीपको परीक्षण गर्ने काम विद्यालयले गर्नुपर्छ । निश्चित तह पुगेका जनशक्ति सिर्जनात्मक र व्यावसायिक काम गरेर आत्मनिर्भर हुन सक्नुपर्दछ । शिक्षालाई जीवन र उत्पादनसँग जोड्नुपर्छ ।

विद्यार्थीको आन्तरिक क्षमता, प्रस्तुति, व्यवहार र तर्कको परीक्षण अहिलेको पाठ्यपुस्तक र परीक्षाले गर्न सकेको छैन । विद्यालय तहमा सिकाइका आधारभूत तीन कुरा हुनुपर्छ । पहिलो- ज्ञान, दोस्रो- धारणा र तेस्रो- सीपसँग सम्बन्धित यी तीनवटै कुराहरूसँग सम्बन्धित रहेर पाठ्यक्रम निर्माण गरिनुपर्छ । यति तह पास गर्दा यति जान्नैपर्ने भन्ने आधार तय गर्नुपर्छ । विषय र कक्षाको न्यूनतम राष्ट्रियस्तर मापन गर्न सक्नुपर्छ । स्तर पूरा गर्न नसक्नेका लागि वैकल्पिक कार्यक्रम व्यवस्था गरिनुपर्छ ।

असल राज्यले शिक्षालाई पहिलो प्राथमिकतामा राखेर लगानी गर्दछ । भनिन्छ, खराब राज्यले झ्यालखाना र असल राज्यले पाठशाला धेरै बनाउँछन् । राज्यले सबै मानिसलाई अनिवार्य रूपमा शिक्षा प्राप्त गर्ने वातावरण तयार पार्नुपर्दछ । राज्यले आफ्नै आन्तरिक स्रोतसाधनको परिचालन गरी बित्तीय दिगो व्यवस्थापनसहित शिक्षा प्रदान गर्न सक्नुपर्दछ ।

सबैका लागि शिक्षा प्रदान गर्ने सरकारको कार्यमा सहकार्य गर्ने सेवाको भावनाबाट प्रेरित भई सहिद प्रतिष्ठान, नेपालले सार्वजनिक शैक्षिक गुठीअन्तर्गत २०६६ सालदेखि पाँचवटै विकास क्षेत्रमा एक/एकवटा सहिद स्मृति आवासीय विद्यालय सञ्चालन गर्दै आइरहेको छ । जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलनलगायत जनक्रान्तिका महान् सहिदहरू साथै बेपत्ता, घाइते तथा अपाङ्ग योद्धाका परिवारलाई आवासीय सुविधासहित गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ यी विद्यालयहरू स्थापना गरिएका हुन् ।

कास्की जिल्लाको पोखरा लेखनाथ महानगरपालिका १४ मझेरीपाटनस्थित श्री सहिद स्मृति आवासीय माविमा यस चालु शैक्षिक सत्रमा २७० जना विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन र मानविकी संकायको पढाइ भइरहेको छ । शैक्षिक सत्र २०७२ मा विद्यार्थी उत्तीर्ण प्रतिशत ९०.८१ थियो भने गत शैक्षिक सत्रको ९५.६२ प्रतिशत रहेको आँकडा छ । जिल्लामै उत्कृष्ट नतिजा ल्याई अब्बल विद्यालयको रूपमा आफ्नो नाम दर्ज गर्न यो विद्यालय सफल भएको छ ।

सहिद प्रतिष्ठान नेपालमार्फत् प्रति विद्यार्थी प्रति महिना खाद्यान्न खर्च रु. २,४००।-, स्वास्थ्य खर्च रु. १७५।-, सरसफाई खर्च रु. ७५।- र स्टेसनरी खर्च रु.१५०।- का दरले प्राप्त हुन्छ । सामाजिक सुरक्षा कर, पारिश्रमिक कर र सञ्चयकोष कट्टा गरी शिक्षक तथा कर्मचारीहरूको तलब निकासा हुने व्यवस्था छ । हाल २० जना शिक्षक र ६ जना कर्मचारीहरू सेवारत छन् ।

सफलताको कथाभित्र पनि आफ्नै व्यथा लुकेका हुन्छन् । शिक्षणलाई पाठशाला र पाठ्यक्रमको बन्धनबाट मुक्त गर्न सकिएको छैन । आधुनिक प्रविधि भित्र्याउन जरुरी छ । बहुप्राविधिक शिक्षाको प्रवेशसँगै औद्योगिक संस्कृतिको अभाव छ । भौतिक संरचना अपुग नै छ । स्रोतको अभावले विद्यार्थीको सन्तुलित आहारामा प्रभाव पारेको देखिन्छ । विद्यालयभित्र निर्देशन र सल्लाह सेवाको अभाव महसुस गरिएको छ । पर्याप्त बजेटको अभावका बीचबाट विद्यालय गुज्रिरहेको विद्यालयका प्रधानाध्यापक मोना गिरी बताउनुहुन्छ ।

वर्ग विभाजित समाजमा निर्वर्गीय शिक्षाको कुरा गर्नु ढोङ र पाखण्ड मात्रै हो । वर्गविहीन एवं राजनीतिविहीन शिक्षाको कल्पना पनि गर्न सकिँदैन । शिक्षा राजनीतिबाट अलग होइन कि शिक्षाले राजनीतिको सेवा गर्दछ र राजनीतिले शिक्षालाई दिशा प्रदान गर्दछ । राजनीति त्यस्तो विचार हो जसले समाज वा देशलाई बेलावखत परिवर्तन मात्रै गर्दैन, अगाडि बढाउने काम पनि गर्दछ ।

वर्तमान पुँजीवादी शिक्षाले व्यावहारिक जीवन र पुस्तकबीच गहिरो खाडल बनाएको छ । विद्यालयमा मात्र सीमित रहने र जीवनको चहलपहलबाट कटेको शिक्षाले वर्तमान आवश्यकतालाई पूरा गर्न सक्दैन । किताबबाट किताबसम्मको ज्ञानको सट्टा ज्ञानलाई जीवन व्यवहारमा कार्यान्वयन गर्न गराउन सिकाउनु ठूलो उपलब्धि हुन्छ । सवाल पैसाको होइन, प्रभावकारी व्यवस्थापन र स्तरीय अध्यापनको हो ।

पुरानै मान्यता र अभ्यासमा बाँधिइरहनु गलत हो । परिणाम देखाएन भने त्यसलाई नयाँले प्रतिस्थापन गर्न सक्नुपर्छ । देशको शिक्षा नीति मूलतः मौलिक प्रकृतिको बनाइनुपर्छ । शिक्षालाई गुणस्तरीय बनाउने नाममा विदेशीको अन्धानुकरण गर्नु उचित हुँदैन । परिणाम नबुझी विदेशीको देखासिकी गर्नु घातकसिद्ध हुन्छ । सही ज्ञान उत्पादनका निम्ति संघर्ष, वर्गसंघर्ष र वैज्ञानिक प्रयोगबाट प्राप्त हुन्छ ।

विद्यालयको शिक्षणलाई अझ स्तरीय बनाउन निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ :

- घोकाइ र सुगारटाइ होइन, नियमित क्रियाकलाप र निरन्तर मूल्याङ्कन पद्धति लागू गर्ने
- परीक्षाको त्रासबाट विद्यार्थीलाई मुक्त गर्दै ट्युसन, कोचिङ र सहयोगी पुस्तक (गाइड/गेसपेपर) को भरमा पास हुने प्रवृत्तिलाई निरुत्साहित गर्ने
- विद्यार्थीलाई सामाजिकीकरणको माध्यमबाट सिर्जनशील बनाउने
- अतिरिक्त क्रियाकलापमा लगाउने
- समयअनुसारको ज्ञान दिने
- विद्यार्थीको रचनात्मक र सिर्जनात्मक क्षमता विकासलाई प्राथमिकता दिएर अध्ययन गराउने
- नैतिक शिक्षा दिन बौद्धिक प्रवचन होइन, सरल र सरस कथा सुनाउने
- योग्य र दक्ष शिक्षक व्यवस्थापन गर्ने ।

# बोजिनी हाइड्रोपावरमा मजदुरहरू संगठित

■ **रातो खबर संवाददाता**/दोलखा

दोलखा जिल्लाको जिरी नगरपालिकास्थित बोजिनी हाइड्रोपावरमा कार्यरत मजदुरहरू संगठित भएका छन् । कम्पनीको पावरहाउसमा आज एक मजदुर भेटघाट कार्यक्रमको आयोजना कार्यक्रमका बीच छलफलमा सहभागी हुँदै प्राविधिक र संचालनमा कार्यरत १४ जनाले कार्यरत मजदुर होमबहादुर जिरेलको संयोजकत्वमा प्रारम्भिक एकाइ समिति गठन गरेका छन् । कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी दोलखाका सचिवालय सदस्य तथा पूर्वी ताम्सालिङ ब्युरो, जनप्रतिनिधिसभा सदस्य क. नेत्र बस्नेत र अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ केन्द्रीय सदस्य एवं जिल्ला महासंघ संयोजक क. सरोजको सहभागिता रहेको थियो । कम्पनीले मजदुर हरूलाई न्यूनतम पारिश्रमिकमा विभेद गरी बितरण गर्ने गरेको, लामो समयदेखि पारिश्रमिक नदिएको एवं कार्यस्थलमा सुरक्षित बासस्थानको प्रवन्ध नगर्ने गरेको पाइएको छ ।

यससम्बन्धमा कम्पनीलाई पटकपटक ध्यानकर्षण गराउँदासमेत मजदुरलाई वास्ता नगरेको र स्थायी नियुक्तिपत्र, बिमा र सामाजिक सुरक्षाका निम्ति कम्पनीले कुनै पहल नगरेको गुनासो कार्यरत मजदुर कर्मचारीहरूले व्यक्त गरेका छन् भने उता ट्रेड युनियन प्रतिनिधिको आग्रहका बाबजुद कम्पनी संचालकले आफू बिरामी परेको कारण देखाइ वार्तामा चासो देखाएका छैनन् । मजदुरवर्ग यसरी पीडित हुनुको प्रमुख कारण दलाल पुँजीवादी आर्थिक प्रणालीको दबदबा भएको ठहर गर्दै कार्यक्रममा प्रमुख अतिथि क. बस्नेतले एकीकृत जनक्रान्तिले मूलतः मजदुरको शोषण अन्त्य गर्ने जिकिर गर्नुभयो भने अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ मजदुरको पूर्ण मुक्तिका निम्ति केन्द्रित हुनेमा उहाँको जोड रहेको थियो । आफ्नो श्रमशक्तिमाथिको बेलगाम शोषण अन्त्य गर्ने प्रण गर्दै प्रतिष्ठानका मजदुरहरूले यथाशक्य चाँडो छलफल गरी प्रारम्भिक एकाइ समितिलाई पूर्णता दिने जानकारी रातोखबरलाई दिएका छन् भने हाललाई होमबहादुर जिरेलको संयोजकत्वमा १४ सदस्यीय समिति गठन गरिएको छ । संगठित मजदुरहरूलाई स्वागत गर्दै जिल्ला महासंघ संयोजक सरोजले अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ मजदुरले अधिकार नपाएसम्म अविचल संघर्षमा सामेल हुने गरेको इतिहासलाई स्मरण गराउँदै यसका लागि आफ्नो प्रतिबद्धता नवीकरण गरेको बताएका थिए । संगठित उक्त एकाइ समितिमा संयोजक होमबहादुर जिरेल र सदस्यहरूमा सिद्धान्त जिरेल, हर्कबहादुर तमाङ, रमेश जिरेल, रुद्र जिरेल, अस्मिन जिरेल, टहलबहादुर जिरेल, केवल कार्की, कैलाश कार्की, राजकुमार खड्का, दिपेश कार्की, ढालबहादुर जिरेल, बिष्णु श्रेष्ठ र हरिशरण अधिकारी रहेका छन् ।

# स्याङ्जामा भित्तेलेखन

■ **रातो खबर संवाददाता**/स्याङ्जा




प्रतिगामी उत्पादन सम्बन्ध र त्यसमाथि आधारित पुँजीवादी राज्यसत्ताको अन्त्य गरी समाजवादी राज्यसत्ता स्थापनाको लक्ष्यसहित वर्गसंघर्षको मैदानमा रहेको नेपाल कम्युनिष्ट पार्टीले स्याङ्जा जिल्लामा भित्तेलेखनको माध्यमबाट प्रचारप्रसारलाई तीव्रता दिएको छ ।

'दलाल संसदीय व्यवस्था खारेज गरौं, वैज्ञानिक समाजवाद स्थापना गरौं, एकीकृत क्रान्ति जिन्दावाद' लगायतका नाराहरु स्याङ्जाको भालु पहाड हुँदै मिर्मी जिरो किलोमिटरसम्मका विभिन्न ठाउँहरुमा लेखिएको छ । गाडीमा यात्रा गर्दै गर्दा र दैनिक कामकाजमा आवतजावत गर्ने क्रममा यी नाराहरु सर्वसाधारण सबै जनताले पढ्ने र मनन् गर्ने गरेका छन् ।

कुनै पनि पार्टीको वैचारिक आधार प्रष्ट नहुने हो भने ढिलोचाँडो उसको राजनीतिक सामर्थ्य क्षॅय हुन्छ । वैचारिक सांगठनिक गतिशीलता कायम राख्न नसक्ने पार्टी जनताको विश्वास गुमाएर चाँडै इतिहासको विषय समेत बनेका छन् । पार्टीको विचार र राजनीतिलाई निरन्तर गतिशीलता दिँदै समाज र देशलाई परिवर्तनको दिशामा अगाडि बढाउन भित्तेलेखन कार्यलाई व्यापकता दिइएको स्याङ्जा जिल्ला पार्टीले जनाएको छ ।










निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ